भरतपुरको मुहार फेरेर बिदा लिँदै मेयर 'रेनु दाहाल' | पृष्ठ ७ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ •अंक २३० • २०८२ साल माघ ४ गते आइतबार (18 January, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सर्वोच्चको नजिरविपरीत लामिछानेविरुद्धको मुद्दा फिर्ता

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेमाथि लगाइएको मुद्दामा महान्यायाधिवक्ता कार्यालय सर्वोच्च अदालतले स्थापित गरेको नजिरविपरीत रहेको छ ।

कार्यालयले लामिछानेमाथि सम्पत्ति शुद्धीरकण र संगठित अपराधसम्बन्धी मुद्दा फिर्ता लिनु सर्वोच्चले प्रतिपादन गरेको नजिरविपरीत भएको ठहरिएको छ । कार्यालयलाई सीधै अभियोगपत्र फिर्ता लिने अधिकार कानुनले नदिए पनि महान्यायाधिवक्ता कार्यालयले कास्की जिल्ला अदालत, रुपन्देही जिल्ला अदालत, काठमाण्डु जिल्ला अदालत र पर्सा जिल्ला अदालतमा सुनुवाइ भएर प्रारम्भिक आदेशसमेत भइसकेको सहकारी ठगीसंग जोडिएको सम्पत्ति शुद्धीकरण र संगठित अपराधसंग सम्बन्धित दुई वटा अभियोग हटाउने गरी सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयलाई निर्देशन गरेकी छन् ।

कार्यालयले आरोपपत्र सच्याउन निर्देशन दिने निर्णय गर्दा विभिन्न आधारहरू प्रस्तुत गरे पनि यसको मुख्य उद्देश्य लामिछानेका लागि आउने दिनमा सार्वजनिक पदमा पुग्ने बाटो खोल्ने र पीडितसंग मिलापत्र गरी मुद्दा फिर्ता गराउने उद्देश्य रहेको देखिएको नेपाल बार एशोसिएसनले जनाएको छ ।

### देउवा पक्षीय नेताहरु पनि गाछी छापबाटै चुनाव लड्ने

# चुनावमा टिकटका आकांक्षी नेताहरूले गर्न थाले सभापति थापालाई फोन

**टुडे समाचारदाता**

काठमाण्डु । शेरबहादुर देउवा पक्षीय आकांक्षी उम्मेदवारहरू 'गाछी' छापबाटै चुनाव लड्ने भएका छन् । विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिलाई निर्वाचन आयोगले मान्यता दिएपछि सभापति गगनकुमार थापालाई बधाई दिँदै विभिन्न जिल्लाबाट देउवा पक्षीय नेताहरूले फोन गर्न थालेका छन् ।

क्षेत्रीय कार्य समिति, जिल्ला समिति र प्रदेश समितिबाट सिफारिस भइ आएका उम्मेदवारका आकांक्षीमध्येबाटै प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि उम्मेदवार तय गरिने जनाइएको छ ।

जसका लागि सभापति थापासहित १३ जना पदाधिकारी रहेको संसदीय बोर्डसमेत गठन गरी छलफल अघि बढाइसकेको पार्टीका प्रवक्ता देवराज चालिसेले जानकारी दिए ।

प्रवक्ता चालिसेले भने, 'हामी निर्वाचनकेन्द्रित तयारीमा लागेका छौं, हामीसँग छोटो समय छ, त्यो छोटो समयमा उम्मेदवार छनोट गर्नुपर्नेछ, साथीहरू टाढाटाढा जानुपर्नेछ, पार्टी संसदीय बोर्ड बैठक आजैदेखि बस्छ, हामी काममा केन्द्रित छौं ।'

फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि माघ ६ गते उम्मेदवारी दर्ता हुने निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिकामा उल्लेख गरिएको छ ।

आयोगले विशेष महाधिवेशनबाट आएको नवनिर्वाचित कार्यसमितिलाई आधिकारिकता दिएपछि निवर्तमान सभापति शेरबहादुर देउवा र उनीनिकट समूह विरोधमा छ ।

आयोगको निर्णयविरूद्ध आइतबार सर्वोच्च अदालत जाने विघटित केन्द्रीय समितिको शनिबार काठमाण्डुस्थित सानेपामा बसेको बैठकले निर्णय गरेको जनाइएको छ । यसरी विभिन्न जिल्लाबाट उम्मेदवार सिफारिस भएका नेताहरूले आफू 'गाछी चिह्नबाटै चुनाव लड्ने भन्दै नवनिर्वाचित सभापति थापालाई फोन गर्न थालेका छन् ।



एक पदाधिकारीले भने, 'अहिलेसम्म करिब ३० जना नेताहरूले सभापतिज्यूलाई फोन गरेर बधाई दिँदै आफू कांग्रेसबाटै चुनाव लड्न चाहेको कुरा गर्नुभएको छ ।' उनले भने, 'विशेष महाधिवेशनमा खुल्न मिलेको थिएन, तैपनि हामीले चाहेको सभापति तपाई नै हो भन्दै टिकटका आकांक्षी नेताहरूले फोन गर्न थाल्नुभएको छ ।'

यसअघि विशेष महाधिवेशनको विपक्षमा ४८ जिल्ला सभापतिहरूले संयुक्त विज्ञप्तिरुपमा जारी गरेका छन् । जिल्लाहरूबाट एक क्षेत्रका लागि कम्तीमा ३ जनादेखि बढीमा १७ जनासम्म उम्मेदवार सिफारिस गरिएको छ । कांग्रेस संसदीय बोर्डले छलफल गरी शुरूमा हिमाली जिल्लाको उम्मेदवारी टुंग्याउन खोजेको छ ।

उम्मेदवार सिफारिस भएका र नभएकाहरूले पनि सभापति थापासंग कुराकानी गर्न थाले पनि निवर्तमान सभापतिदेखि पदाधिकारी र पूर्वपदाधिकारीसंग शनिबार दिउँसोसम्म 'वान टू वान' संवाद हुन सकेको छैन ।

पार्टी सहमहामन्त्री प्रकाश रसाइली 'स्नेही' ले निवर्तमान सभापतिसँग संवाद भइरहेको दाबी गरे । निवर्तमान सभापति देउवाकै अभिभावकत्वमा कांग्रेस निर्वाचनमा जाने उनले प्रस्ट्याए । पार्टीले सबैलाई समेट्ने पनि उनले बताए । उनले भने, 'सबैलाई समेट्दै कांग्रेसलाई बलियो बनाउने छौं । निवर्तमान सभापतिलाई आज हामीले आभार व्यक्त गर्‍यौं, उहाँको अभिभावकत्व फेरि जरूरी छ,' उनले अघि थप्दैं भने, ' उहाँसंग छलफल र संवाद हुन्छ, अरू नेताहरूसंग पनि संवाद हुन्छ ।' निवर्तमान केन्द्रीय सदस्यहरूसंग पनि निरन्तर संवाद भइरहेको उनले बताए ।

उनले टिकट वितरणमा पक्षपात नहुने बताए । उनले भने, 'हिजो विशेष महाधिवेशनको विरोध गर्नेहरूले पनि टिकट पाउँछन्, कोही तेरोमेरो भनिँदैन, पार्टी एकताबद्ध हुन्छ ।'

सहमहामन्त्री स्नेहीले निवर्तमान सभापति देउवा पनि कांग्रेसकै चुनाव चिह्न रूखबाट चुनाव लड्ने बताए ।

आयोग संवैधानिक निकाय रहेको र उक्त निकायको निर्णय निवर्तमान सभापति देउवालगायतले स्वीकारेर अघि बढ्ने विश्वास उनले व्यक्त गरे ।

कांग्रेसले निवर्तमान केन्द्रीय सदस्यहरूलाई पनि पार्टी एकताबद्ध र बलियो बनाउन योगदान गर्न अपिल गरेको छ ।

प्रवक्ता देवराज चालिसेले भने, 'यो समय भनेको पार्टीको एकता, आपसी सद्भाव र सहकार्यको हो । यो एकताबाट नै हामीले आगामी चुनौतीहरू जो हाम्रो अगाडि चुनौतीका पहाड खडा भएका छन् । निर्वाचनहरू छन् । सबैलाई पार्टीमा जोड्नु छ । सबै कुरालाई मध्यनजर गर्दै पार्टीको एकता, सद्भाव कायम राख्दै पार्टीलाई अझै उचाइमा पुर्‍याउन हार्दिक अपिल गर्ने निर्णय भएको छ ।'

उनले निवर्तमान सभापति शेरबहादुर देउवालाई आजको बैठकले आभार व्यक्तसमेत गरेका छन् ।

विशेष महाधिवेशनअघि भएका छलफलमा तत्कालीन महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले तत्कालीन सभापति देउवालाई संरक्षकको भूमिकामा बस्न भनेका थिए । सभापति देउवाले प्रतिनिधि सभा निर्वाचनका लागि उम्मेदवारलाई दिने टिकटमा हस्ताक्षर अरू नेताकै राख्न माने पनि निष्क्रिय भूमिकामा रहन चाहेका छैनन् ।

यता निवर्तमान सभापति देउवा पक्ष सर्वोच्च अदालत जाने तयारीमा छन् । आइतबार देउवा समूहले अदालतमा मुद्दा दर्ता गराउने जनाएको छ ।

तर नेता शेखर कोइराला समूह भने शनिबार भएको देउवा पक्षीय बैठकमा सहभागी भएनन् । उनी सभापति थापा नेतृत्वलाई सघाउने भएका छन् ।

## सिट बाँडफाँटमा मधेश केन्द्रित दल व्यस्त




**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि टिकट वितरण तथा सिट बाँडफाँटमा संघीय लोकतान्त्रिक मोर्चा व्यस्त देखिएका छन् ।

तर मधेश केन्द्रित दलहरूको संघीय लोकतान्त्रिक मोर्चा निर्वाचनको टिकट बाँडफाँटको क्रममा दबाबमा परेको देखिएको छ । मोर्चामा रहेका घटक दल सिट बाँडफाँटमै छलफलको क्रममा सहमति हुन सकिरहेको छैन ।

स्रोतले जनाए अनुसार मोर्चामा आवद्ध कुन दलले कति सिट पाउने र कहाँ कहाँ पाउने भन्ने टुंगो नलागे पछि मोर्चाले टुंग्याउन अझै केही समय लाग्नेछ ।

निर्वाचनमा सिट बाँडफाँट गर्ने सहमति भए पनि अहिलेसम्म मोर्चामा सहमति हुन सकिरहेको छैन । मोर्चामा आवद्ध रहेका जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी नेपाल रहेका छन् । लोसपा नेपालमा तराई मधेश राष्ट्रिय पार्टी र जनता प्रगतिशील पार्टी समाहित भइसकेका छन् भने लोसपा पनि उपेन्द्र यादव नेतृत्वको जसपा नेपालमा एकीकरण भएको छ । जसले गर्दा जसपा नेपालले बढी सिटमा दाबी गरिरहेको एकजना स्रोतले जनाएका छन् ।

मोर्चामा रहेका दलहरु बीचमा चुनावी तालमेल हुने सहमति भएको छ । राष्ट्रिय मुक्ति पार्टी नेपाल र जनमत पार्टीका नेताले जनाए अनुसार जसपा नेपालका कारण सिट बाँडफाँटमा ढिलाइ भइरहेको छ ।

राष्ट्रिय मुक्ति पार्टी नेपालका महासचिव सन्तोष मेहताले जनाए अनुसार मोर्चामा अहिलेसम्म कुनै किसिमको सहमति हुन नसकेको बताए । उनले चुनाव केन्द्रित दुई वटा बैठक बसे पनि त्यसमा कुनै सहमति नभएको प्रस्ट्याए ।

जसपा नेपालका नेता रामकुमार शर्माले मोर्चाका शीर्षनेतृत्वहरू आन्तरिक छलफलमा रहेकाले चाँडै सहमति हुने बताए । नेता शर्माले भने, 'मोर्चामा रहेका दलका अध्यक्षहरू छलफलमा हुनुहुन्छ, एकदुई दिनसम्ममा सिटको टुंगो लाग्ने छ ।'

प्रत्येक क्षेत्रमा प्रत्येक सिटमा तालमेल हुने सम्भावना न्यून भएको आँकलन मोर्चाको बैठकमा छलफल समेत भएको जनाएको छ । एकजना शीर्षनेताले भने, 'जहाँ जहाँ तालमेल हुन्छ त्यहाँ तालमेल गर्ने, जित्नेलाई सहयोग गर्ने, तालमेल नहुने ठाउँमा मित्रवत् प्रतिस्पर्धा गर्ने विषयमा नै सहमति गरेर जाने सम्भावना बढी छ ।'

जनमत पार्टीका उपाध्यक्ष ई. नरेन्द्रप्रसाद चौधरीले मोर्चामा सहमतिका लागि प्रयास जारी रहेको भन्दै तत्कालै परिणाम आउने बताए । उनले भने, ' निर्वाचनको समय नजिकिँदै जाँदा दलहरूमा दबाब बढे पनि शीर्ष नेताहरू त्यसका लागि आन्तरिक रूपमा छलफलमा भइरहेको छ । चाँडै केही निष्कर्ष आउने सम्भावना छ ।'

## निर्वाचनको तयारी अन्तिम चरणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचन तयारीको ८० प्रतिशतभन्दा बढी काम सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचनको कार्यतालिका अनुसार भए गरेका कामबारे गृहमन्त्री ओमप्रकाश अर्याल र निर्वाचन आयोगका पदाधिकारीबीच छलफल भएको छ ।

सो क्रममा मन्त्री अर्यालले कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका पदाधिकार ीसंग शनिबार भएको छलफलमा निर्वाचन तयारीको ८० प्रतिशत कार्य सम्पन्न भएको बताए ।उनले निर्वाचन तयारी, मतदान प्रक्रिया र मतगणनासम्मको एकीकृत सुरक्षा योजनाअनुसार सरकारले सुरक्षाको प्रत्याभूति गर्ने बताए ।

उक्त अवसरमा कार्यवाहक प्रमुख आयुक्त भण्डारीले आयोगबाट स्वीकृत कार्यतालिका अनुसार निर्वाचनको काम नियमित र तालिका भइरहेको बताए ।

उनले निर्वाचन अधिकृतका कार्यालय स्थापना भइसकेका र अब निर्वाचन तयारीका अन्तिम चरण पुगेको बताए । यही माघ ११ गते राष्ट्रियसभाको पनि निर्वाचन रहेको आयोगले जनाएको । भण्डारीले निर्वाचन आचारसंहिता पालनालाई प्रभावकारी बनाउन सूक्ष्म अनुगमन गरिने बताए ।

आयोगका सचिव कृष्णबहादुर राउतले राष्ट्रियसभा सदस्य निर्वाचनको मतपत्र छपाइ सकिएको र अब मतपत्र तथा निर्वाचन सामग्री सम्बन्धित कार्यालयमा पठाउने चरणमा रहेको बताए ।



# आगामी आर्थिक वर्षको बजेट निर्माण थालनी

काठमाण्डु । आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण प्रक्रिया अघि बढेको छ । आगामी आर्थिक वर्षको बजेटका लागि सम्भावित स्रोत खोज्ने र खर्चको सीमा निर्धारण गर्नेगरी राष्ट्रिय स्रोत अनुमान समितिले काम थालिसकेको राष्ट्रिय योजना आयोगले जनाएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा वार्षिक बजेट बनाउदा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था रहेको छ । यसका लागि योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति छ । उक्त समितिलाई सहयोग गर्ने गरी अर्को प्राविधिक समिति बनाएर प्रारम्भिक काम थालिसकेको आयोगका सचिव रविलाल पन्थले जानकारी दिनुभयो ।

"प्राविधिक समितिको बैठक बसेर काम सुरु भइसकेको छ । समष्टिगत आर्थिक परिसूचकलाई विश्लेषण गरेर स्रोत अनुमान गर्नुपर्ने हुँदा नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय तथ्याङ्क कार्यालय, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयसँग तथ्याङ्क र विवरण मागिएको छ", उहाँले भन्नुभयो, "प्राविधिक समितिले स्रोत अनुमान समितिको बैठकका लागि तयारी गरिरहेको छ । कानुनले तोकेको समयभित्र बजेट सिलिङ पेश हुन्छ ।"

राष्ट्रिय स्रोत अनुमान समितिले माघ मसान्तसम्ममा स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गरिसक्नुपर्ने र सो सम्बन्धी प्रतिवेदन प्रत्येक वर्षको फागुन ७ गतेभित्र अर्थमन्त्रीसमक्ष पेश गरिसक्नुपर्ने ऐनको व्यवस्था छ ।स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि सङ्घ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । हाल कार्यान्वयनमा रहेको १६औँ पञ्चवर्षीय योजना कार्यान्वयन कार्ययोजना बनाएर मन्त्रिपरिषदमा पठाइएको पनि आयोगका सचिव पन्थले जानकारी दिनुभयो ।

स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको आर्थिक र आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक परिसूचक, आगामी आर्थिक वर्षमा उपलब्ध हुनसक्ने राजस्व, विकास सहायता र आन्तरिक ऋणलगायतका सङ्घीय सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा वस्तुनिष्ठ भई स्रोतको अनुमान गर्नुपर्ने हुन्छ । त्यस्तै, स्रोतको अनुमान भएपछि चालु वर्षको मध्यमकालीन खर्च संरचनासमेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था पनि ऐनमा रहेको छ । खर्चको सीमा निर्धारण गर्दा अनिवार्य दायित्व तथा जनाइएको प्रतिवद्धता बमोजिम भुक्तानी हुन बाँकी रकमसमेत समावेश गरी समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेलगायतका विषयहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा राखिएका छन् ।

यसअघि आयोगले आयोगले आगामी आवका लागि सङ्घीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको प्रदेश र स्थानीय तहसँग प्रस्ताव माग गरिसकेको छ । प्रदेश तथा स्थानीय तहका लागि सङ्घीय सरकारबाट उपलब्ध हुने समपूरक तथा विशेष अनुदान लिनका लागि माघ मसान्तभित्रमा प्रस्ताव पेश गरिसक्नुपर्नेछ ।रासस

# धार्मीक द्वन्द फैलाउन सतलोक आश्रममा आक्रमण भएको आरोप

जनकपुरधाम । धनुषा स्थित सतलोक आश्रममा धार्मीक सहिष्णुता बिथोल्न सुनियोजित सांघातिक आक्रमण भएको 'पूर्णब्रह्म कबीर उपासक समाज, नेपाल'ले आरोप लगाएको छ । शनिबार राजधानीको काठमाडौं स्थित संवाद डबलीमा समाजले पत्रकार सम्मेलन गरी घटनामा सम्लग्न दोषीहरुउपर कडा कारवाहीको समेत माग गरेको छ ।




समाजका अध्यक्ष कुमार डंगोलले आफूहरुले सञ्चालन गरेको आश्रममाथि भएको सांघातिक आक्रमण धार्मिक सहिष्णुता बिथोल्न सुनियोजित हमाला भएको आरोप लगाएका छन् ।

गत पुष २६ गते दिनको करिब ११ बजेको समयमा धनुषा जिल्लाको मिथिला नगरपालिका २, बेलाचापी स्थित सतलोक आश्रममा भक्तजनहरु शनिबारको विशेष सत्संग प्रवचन श्रवण गरिरहेको अवस्थामा आफूलाई हिन्दू सम्राट सेना बताउने एक हुल मान्छेहरुले भक्तजनहरुमाथि अन्धाधुन्द प्रहार गरेको अध्यक्ष डंगोलले बताए । घाईतेहरुलाई उपचारका लागि जनकपुर अस्पताल पठाउने क्रममा आक्रमणकारीहरुले बाटोमै एम्बुलेन्स रोकी थप आक्रमण गरेको जनाए ।

गम्भीर घाईते ११ जनामध्ये ५ जनालाई काठमाडौंमा उपचार गरिरहेको र बाँकी जनकपुर अस्पतालमा उपचार भइरहेको डंगोलले जानकारी दिए । डंगोलले मानवता विरोधी जघन्य अपराधमा सम्लग्न सम्पूर्ण दोषिहरुलाई तत्काल कारवाहीको माग गरेका छन् ।आक्रमण भएको थाहा पाएपछि स्थानीय प्रहरी प्रशासन आएर परिस्थितिलाई नियन्त्रणमा लिएको थियो । त्यसलगत्तै प्रहरी समक्ष जाहेरी दर्ता गर्न जाँदा आजको समयसम्म पनि जाहेरी नलिएको अध्यक्ष डंगोलले बताए ।

समाजका उपाध्यक्ष केशव प्रसाद मैनालीले धनुषा स्थित सतलोक आश्रममा भएको क्रुरता र कायरतापूर्ण आक्रमण भएको र त्यसमा 'हिन्दु सम्राट सेना'ले गरेको आरोप लगाएका छन् । "सन्त रामपालजी महाराजको अनुयायीहरुलाई आक्रमण गर्ने तथाकथित हिन्दु सम्राट सेनालाई विश्व हिन्दू परिषदले समेत संरक्षण गरेको सुन्नमा आएको छ, त्यस्तो नहोस्" उपाध्यक्ष मैनालीले थपे ।

आश्रम सञ्चालक समिति सदस्य रमेश प्रसाद सापकोटाले धार्मिक द्वन्द मच्चाउने योजनासहित भएको आक्रमण सह्य नभएको बताएका छन् । सापकोटाले मानिसहरु विभिन्न धर्मिक समुदायमा विभाजित भए पनि सन्त रामपालजी महाराजले सम्पूर्ण मानवलाई एउटै सूत्रमा बाँधी भाईचारा, मानवता, शान्ति, समानता, बिकार तथा विसंगति रहित स्वच्छ समाज निर्माणका लागि प्रेरित गर्दै आएको जनाउँदै, सो आक्रमण मानवतामाथिको प्रहार भएको बताए ।

अर्का वक्ता उमराज ढकालले धर्मनिरपेक्ष राष्ट्रमा स्वतन्त्रापूर्वक धार्मिक आस्थाको संरक्षण गर्न पाउने अधिकारलाई कसैले कुण्ठित गर्न नहुनेप्रति जोड दिए । नेपाल वैदिक सनातनी देवो तथा तपो भूमि भएको जनाए । नेपाल मात्र नभई विश्वभरीका मानिसका लागि शान्ति तथा मानवताको आकषर्ण केन्द्र भएको बताउँदै ढकालले भने,"बसुधैव कुटुम्बकमको अवधारणालाई व्यवहारमा उतार्दा मात्रै देशमा अमन शान्ति कायम हुन्छ ।"

आक्रमाणमा परेर गम्भीर घाईते भई उपचारका लागि काठमाडौं रिफर गरिएका घाईते योगेन्द्र दासले आफूहरुलाई आश्रममा हातहतियार प्रयोग गरेर सांघातिक हमला गरेको भन्दै पीडा व्यक्त गरे । सत्संग प्रवचन चलिरहेको बेला एकाएक आएका व्यक्तिहरुले ढुङ्गा-मुढा एबं लठ्ठी-भाटाले अन्धाधुन्द प्रहार गरेको बताउँदै दासले भने,"आश्रममा त कुटेकुटे तर घाइते भएर उपचारार्थ एम्बुलेन्समा चढेर अस्पताल जाने क्रममा एम्बुलेन्ससमेत तोडफोड गरी हामीलाई थप प्रहार गरि सक्त घाइते बनाए ।"

घाइते दासले आफूसँगै रहेका राहुल दास, रञ्जित दास र त्रिदेव दासलगायतका ११ जना भक्तहरुलाई गम्भीर घाईते बनाएको र अरु बोल्न नसक्ने अवस्थामा रहेको पनि जानकारी दिए ।

उक्त समाजका विनोद घिमिरेले विश्व शान्ति कायम गर्ने अभियानका अभियान्ता जगत गुरु तत्वदर्शी सन्त रामपालजी महाराजको अश्रममा कुनै संगठनले द्वन्द तथा हिंसात्मक गतिविधि गराउने कार्य लज्जास्पद रहेको बताए ।

पुल्चोक इन्जिनियरिङ्ग क्याम्पसका प्राध्यापक तथा सन्त रामपालजी महाराजका अनुयायी ई.महेन्द्र राज धितालले वैदिक सनातनमा भगवानको विधानलाई सर्वोपरि मानिने र सोही विधान अन्तर्गत साधना गर्ने साधकहरुमाथि गरिएको अमानविय हिंसाप्रति खेद प्रकट गरे ।

# निर्वाचन प्रहरीका लागि मागअनुसार परेन निवेदन

काठमाण्डु । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा निर्वाचन प्रहरी माग गरिएकामा मागअनुसार निवेदन परेको छैन ।

निर्वाचनका लागि एक हजार ५७३ निर्वाचन प्रहरी माग गरिएकामा आजसम्म एक हजार ३२१ जनाको निवेदन परेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । उहाँका अनुसार एक हजार २० पुरुष र ३२१ महिलाले निवेदन दिएका छन् ।



यसअघि माघ १ गतेसम्म निवेदन दिने समय रहेकामा कम निवेदन परेपछि आजसम्मका लागि अन्तिम समय तोकिएको छ ।

उहाँले भन्नुभयो, "माग गरेबमोजिम कमको निवेदन परेपछि जिल्ला निर्वाचन समितिको निर्णयअनुसार अवधि बढाइएको छ ।" निर्वाचन प्रहरीमा भर्ना हुनका लागि दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेको हुनुपर्नेछ ।

उम्मेदवार नेपाली नागरिक हुनुपर्ने, सामान्य लेखपढ गर्न जान्ने, फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, कुनै राजनीतिक दलको सदस्य नरहेको, शारीरिक तथा मानसिक रूपमा स्वस्थ रहेको र आतङ्ककारी वा विध्वंसात्मक सङ्गठनसँग सम्बन्ध नरहेको हुनुपर्ने प्रनाउ विकले बताउनुभयो ।

उचाइ र तौलतर्फ पुरुषको हकमा न्यूनतम उचाइ पाँच फिट तीन इन्च, छाती ३१-३३ इन्च, तौल ५० केजी तथा महिलाको हकमा न्यूनतम उचाइ पाँच फिट, तौल ४२ केजी तोकिएको छ । महिलाको हकमा गर्भवती नभएको वा भइसकेको अवस्थामा सो अवस्था समाप्त भएको हुनुपर्ने सर्त राखिएको छ ।रासस

# 'तीर्थानन्द वैद्य मेमोरियल लाइफ टाइम एचिभमेन्ट अवार्ड' प्रदान



काठमाण्डु । नेशनल बाथरोग सेन्टर र बद्री तीर्थ आर्थराइटिस समाजले दुई जेष्ठ प्राध्यापकलाई 'तीर्थानन्द वैद्य मेमोरियल लाइफ टाइम एचिभमेन्ट अवार्ड' बाट सम्मान गरेको छ ।

बाथरोग जागरण अभियान-२०८२ को अन्तर्गत प्रा.जयश्री मल्ल अमात्य र गणितज्ञ प्रा धनकुमारी थापालाई सम्मान गरेको हो । उहाँहरूलाई शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा काठमाडौं महानगरपालिका-८ का अध्यक्ष आशामान संगतले उहाँहरूलाई सम्मान गर्नुभयो । बाथरोग सेन्टरले 'स्वस्थ र सुन्दर जीवनका लागि सुमधुर सङ्गीत' भन्ने नारासहित साङ्गीतिक संस्था कुटुम्बसँग सहकार्य गर्दै बाथरोग जागरण अभियानको थालनी गरेको सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतिले जानकारी दिनुभयो ।

कार्यक्रममा वडा अध्यक्ष आशामान संगतले स्वास्थ्य सचेतना फैलाउने यस प्रयासको अभियानलाई सहयोग गर्न तयार रहेको बताउनुभयो । सेन्टरका अध्यक्ष डा.विनीत वैद्यले बाथरोगको लक्षण र पहिचानबारे जनचेतना फैलाउनु आवश्यक रहेको बताउनुभयो । डा. सुदीप कर्माचार्यले बाथरोगले शरीरका विभिन्न भागमा असर गर्न सक्ने भएकाले समयमै उपचार गराउनुपर्नेमा जनचेताना आवश्यक रहेको बताउनुभयो ।

सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतिले हरेक वर्ष माघमा बाथरोग जागरण जनचेतना अभियान सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।रासस

# दुर्घटनामा एकको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको दुर्गा भगवती गाउँपालिका स्थित कछुअवा पुलमा भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने एकजना घाइते भएको छ ।

गौर–गंगापिपरा सडक खण्ड अन्तर्गत पर्ने दुर्गा भगवती गाउँपालिका वडा नम्वर ३ र ५ को बीचमा पर्ने कछुअवा पुलबाट बिआर ३० एई ५१३८ नम्बरको मोटरसाइकल शनिवार साँझ करिव साढे ५ बजे पुलबाट तल खसेर भएको दुर्घटनामा एक जनाको घटनास्थलमै मृत्यु भएको स्थानीयहरुले बताएका हुन् ।




पुलको पूर्व तर्फ दुई जना खसेको देखेपछि स्थानीयहरु इलाका प्रहरी कार्यालय गंगापिपरालाई खवर गरेका थिए । प्रहरीले दुबै जनालाई उपचारको लागि पिपरा स्थित बागमती सेन्ट्रल डाइगनोष्टिक सेन्टरमा लगे । थप उपचारको एकजनाको मृत्यु भएको र दुबै जनाको पहिचान खुल्न नसकेको प्रहरीले जनाएको छ ।

उनीहरु सीमापारी भारतको हुनसक्ने आशंका गरिएको छ । उनीहरुले बोकेको मोवाइलमा भारतीय सिम भएको र मोबाइल लक रहेको हुँदा अहिले सम्म ठेगाना पत्ता लाग्न सकेको छैनन् । दुबै जना ३० बर्ष माथिको रहेको जस्तो देखिन्छ । प्रहरीले आवश्यक अनुसन्धान कार्य सुरु गरेको बताइएको छ ।

# बागमती प्रदेश सरकारको छ महिनामा पुँजीगत खर्च आठ दशमलव ९९ प्रतिशत मात्र




बागमती । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को छ महिनाको अवधिमा आठ दशमलव ९९ प्रतिशत मात्र पुँजीगत खर्च गरेको छ ।आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेश सरकारले चालु आव २०८२/८३ को साउनदेखि पुससम्ममा कूल बजेटको करिब १४ दशमलव १० प्रतिशत खर्च गरेको छ । जुन अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा २ दशमलव १७ प्रतिशत कम खर्च भएको हो ।

आव २०८१/८२ को छ महिनाको अवधिमा प्रदेश सरकारले कूल बजेटको १६ दशमलव २७ प्रतिशत बजेट खर्च गरेको थियो । प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत केशव भण्डारीका अनुसार चालु आव २०८२/८३ को छ महिनाको अवधिमा प्रदेश सरकारले चालुतर्फ २२ दशमलव ४८ प्रतिशत र पुँजीगततर्फ आठ दशमलव ९९ प्रतिशत बजेट खर्च गरेको छ । चालु आव २०८२/८३ का लागि प्रदेश सरकारले रु ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट ल्याएकोमा छ महिना सकिँदा रु नौ अर्ब ५८ करोड चार लाख ४५ हजार बजेट खर्च भएको उहाँले बताउनुभयो ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश लोकसेवा आयोगले ३६ दशमलव ३५ प्रतिशत, मुख्य न्यायाधीवक्ताको कार्यालयले ३० दशमलव ८० प्रतिशत, प्रदेशसभा सचिवालयले २९ दशमलव ३५ प्रतिशत, श्रम रोजगार तथा यातायात मन्त्रालयले २८ दशमलव १० प्रतिशत, स्वास्थ्य मन्त्रालयले २६ दशमलव ४३ प्ररितशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले २५ दशमलव ९१ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले दुई दशमलव ३० प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले जनाएको छ ।

गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका कारण प्रदेश सरकारका संरचना क्षतिग्रस्त भएको, प्रदेश सरकारका निकायले राम्ररी काम गर्न नसकेको र बजेट कार्यान्वय हुन सक्दा प्रदेश सरकारको खर्च कम देखिएको अधिकृत भण्डारीले बताउनुभयो ।रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : खर्चमा अलि संयम अपनाउनु राम्रो हुन्छ ।
वृष : बोल्दा शब्द छनोटमा ध्यान दिनुहोस् । आर्थिक पक्ष स्थिर रहनेछ ।
मिथुन : सञ्चार र भेटघाट बढ्ने दिन हो । नयाँ चिनजान फाइदाजनक हुन सक्छ ।
कर्कट : पुराना योजना सफल बन्न सक्छन् । मानसिक शान्ति महसुस हुनेछ ।
सिंह : काममा प्रशंसा पाउन सक्नुहुन्छ । हतारमा निर्णय नगर्नुहोस् ।
कन्या : सजगताले सफलता दिलाउने दिन हो । साना गल्तीले असर पार्न सक्छन् ।
तुला : कला र सिर्जनशील काममा रुचि बढ्नेछ ।
वृश्चिक : गोप्य कुरामा सावधानी अपनाउनुहोस् । आत्मविश्लेषण गर्ने दिन हो ।
धनु : नयाँ योजना बनाउन अनुकुल समय छ । यात्राबाट अनुभव मिल्नेछ ।
मकर : आर्थिक निर्णय सोचविचार गरेर गर्नुहोस् ।
कुम्भ: सामाजिक गतिविधि बढ्नेछ ।
मीन : कल्पनाशीलता बढ्ने दिन हो ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-२ रानीपुरस्थित रुखमा बसेका सुगा। *तस्विरः रासस*

# विद्यमान राजनीतिक समस्या समाधान गर्न निर्वाचनको विकल्प छैनः संयोजक दाहाल



काठमाण्डु। नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकमा विद्यमान राजनीतिक समस्या समाधान गर्न निर्वाचनको विकल्प नरहेको बताउनुभएको छ।

शनिबार केन्द्रीय कार्यालयमा आयोजित पार्टी प्रवेश कार्यक्रममा उहाँले राजनीतिक दलहरू निर्वाचनका लागि सम्पूर्ण रूपमा तयार हुनुपर्ने बताउँदै संसद् पुनःस्थापनाको पछाडि नलाग्न जोड दिनुभयो।

निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्न सरकारलाई आग्रह गर्दै पूर्वप्रधानमन्त्री दाहालले देशमा विद्यमान राजनीतिक अस्थिरता र अन्योलता समाधान गरी सुशासन कायम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले समान वैचारिक दृष्टिकोण रहेका बाम शक्तिबीच ध्रुवीकरण प्रारम्भ भएको बताउँदै केही दिनभित्र अन्य पार्टीसँग पनि एकता गरिने जानकारी दिनुभयो।

सहसंयोजक माधवकुमार नेपालले पार्टीको राजनीतिक दर्शनमा समाजवादी कार्यक्रम प्रष्ट रहेकाले जनताको भरोसा तथा विश्वास बढेको बताउनुभयो। पूर्वप्रधानमन्त्री नेपालले राजनीतिक विचार र सिद्धान्त मिलेका दल एकीकृत गर्दै वामपन्थी ध्रुवीकरणलाई अगाडि बढाइनेउल्लेखगर्नुभयो।कार्यक्रममा जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय उपाध्यक्ष विद्युत् बज्राचार्य नेतृत्वको टोलीलाई नेकपामा स्वागत गरिएको थियो। रासस

# महोत्तरीमा चार लाख ३१ हजार मतदाता कायम



जलेश्वर। जिल्ला निर्वाचन कार्यालयले मतदाता नामावली अद्यावधिक गरेको छ।

उक्त कार्यालयका अनुसार जिल्लामा चार लाख ३१ हजार २८२ जना मतदाता कायम भएका छन्। जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले चारवटा निर्वाचन क्षेत्र रहेको महोत्तरीमा निर्वाचन क्षेत्र नम्बर १ मा ५६ हजार २२२ पुरुष, ४९ हजार ४२२ महिला र अन्य दुई जना गरी जम्मा मतदाता सङ्ख्या एक लाख पाँच हजार ६४६ जना कायम भएका छन्।

यसैगरी, निर्वाचन क्षेत्र नं २ मा ५८ हजार ८६१ पुरुष र ४८ हजार ७३३ महिला, निर्वाचन क्षेत्र नं ३ मा ५९ हजार ९५० पुरुष र ५० हजार ८८६ महिला, निर्वाचन क्षेत्र नं ४ मा ६० हजार १५० पुरुष र ४७ हजार ४५६ महिला कायम भएका निर्वाचन अधिकारी झाले बताउनुभयो।

यसैगरी, ३४ हजार २५२ नयाँ मतदाता थपिएका छन्। योसँगै जिल्लामा मतदाता सङ्ख्या चार लाख ३१ हजार २८२ पुगेको छ। यसअघि जिल्लामा तीन लाख ९७ हजार ३० जना मतदाता थिए।

अब जिल्लामा २५८ मतदानस्थल र ५३६ मतदान केन्द्र कायम भएका छन्। जिल्लाको निर्वाचन क्षेत्र नं १ मा जम्मा ५९ वटा मतदानस्थल र १३० वटा मतदान केन्द्र कायम भएका छन्।यसैगरी, क्षेत्र नं २ मा ६२ वटा मतदानस्थल र १३३ वटा मतदान केन्द्र, क्षेत्र नं ३ मा ७७ वटा मतदानस्थल र १४२ वटा मतदान केन्द्र, क्षेत्र नं ४ मा ६० वटा मतदानस्थल र १३१ वटा मतदान केन्द्र कायम भएका छन्।रासस

# संविधान संरक्षणमा पूर्वराष्ट्रपति यादवको जोड



काठमाण्डु। पूर्वराष्ट्रपति रामवरण यादवले नेपालको संविधान उत्कृष्ट रहेको बताउँदै त्यसको संरक्षणमा जोड दिनुभएको छ।

सम्पादक समाज नेपालका संस्थापक अध्यक्ष गोविन्द वियोगीको २०औं स्मृति दिवसका अवसरमा शनिबार नुवाकोटको शिवपुरी गाउँपालिका-७ सुइरेचौरमा आयोजित 'गोविन्द वियोगी पत्रकारिता पुरस्कार' वितरण समारोहमा उहाँले २०७२ सालको संविधान समावेशी, समानुपातिक, धर्मनिरपेक्षतासहितका विशेषताले उत्कृष्ट संविधान बनेको बताउनुभयो।

उहाँले लोकतन्त्र पुनःस्थापनाका लागि गोविन्द वियोगीले निर्वाह गर्नुभएको भूमिकाको सराहना गर्नुभयो। साथै उहाँले सम्पादक समाज नेपाली समाजलाई उन्नतिको मार्गमा रुपान्तरण गर्नेतर्फ लाग्नुपर्ने सुझाव दिनुभयो। फरक प्रसङ्गमा मुलुकको लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिकामा रहेको नेपाली कांग्रेस आजको अवस्थामा आइपुग्नु दुःखद भएको टिप्पणी गर्नुभयो।रासस

# गोविन्द वियोगी पत्रकारिता पुरस्कार तथा सम्मान प्रदान

काठमाण्डु। सम्पादक समाज नेपालले आफ्ना संस्थापक अध्यक्ष एवं वरिष्ठ पत्रकार गोविन्द वियोगीको स्मरणमा स्थापित 'गोविन्द वियोगी पत्रकारिता पुरस्कार-२०८२' र 'गोविन्द वियोगी विशेष पत्रकारिता पुरस्कार २०८२' प्रदान गरेको छ।

वियोगीको २०औं स्मृति दिवसका अवसरमा शनिबार शिवपुरी गाउँपालिका-७ सुइरेचौर, नुवाकोटमा आयोजित एक समारोहमा गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवबाट उक्त पुरस्कार तथा सम्मान प्रदान गरिएको हो। कार्यक्रममा 'गोविन्द वियोगी पत्रकारिता पुरस्कार-२०८२' रत्न राज्यलक्ष्मी क्याम्पस, पत्रकारिता तथा आमसञ्चार विभागका प्रमुख डा जगत नेपाललाई प्रदान गरिएको छ। उक्त पुरस्कारको राशि रु २५ हजार एक र सम्मानपत्र रहेको छ।

यस्तै, 'गोविन्द वियोगी विशेष पत्रकारिता पुरस्कार' गोरखापत्र दैनिककी पत्रकार चाँदनी हमाल तथा 'शुक्रवाः या तँसापौ' साप्ताहिकका स्तम्भकार राजेन्द्र मानन्धरलाई प्रदान गरिएको छ।

हमाललाई वातावरण संरक्षण तथा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणका विषयमा पत्रकारितामार्फत गरेको योगदान र मानन्धरलाई नेपाल भाषामार्फत पत्रकारिता क्षेत्रमा पुर्‍याएको योगदानका लागि पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ। यो पुरस्कारको राशि जनही रु १५ हजार एक र सम्मानपत्र रहेको छ।



कार्यक्रममा पूर्वराष्ट्रपति डा यादवबाट वरिष्ठ पत्रकार शरदचन्द्र वस्ती र सुदर्शन आचार्यलाई 'सम्पादक समाज नेपाल सम्मान' प्रदान गरियो।समाजका अध्यक्ष पुरु रिसालको अध्यक्षतामा भएको उक्त पुरस्कार प्रदान तथा सम्मान समारोहमा पूर्वराष्ट्रपति यावदले लोकतन्त्रलाई बलियो बनाउन पत्रकारिता क्षेत्रको भूमिका अझै बढेर गएको बताउनुभयो। उहाँले वियोगीले लोकतन्त्र स्थापनामा पत्रकारितामार्फत खेलेको भूमिका उल्लेखनीय रहेको स्मरण गर्नुभयो।

> "गोविन्द वियोगी विशेष पत्रकारिता पुरस्कार" गोरखापत्र दैनिककी पत्रकार चाँदनी हमाल तथा "शुक्रवाः या तँसापौ" साप्ताहिकका स्तम्भकार राजेन्द्र मानन्धरलाई प्रदान गरिएको छ।

समारोहमा सम्मानित व्यक्ति आचार्यले पत्रकार सत्यको पक्षमा उभिनुपर्नेमा जोड दिँदै कोही रिसाउला भनेर सत्य लुकाउन नहुने बताउनुभयो। अर्का सम्मानित व्यक्ति वस्तीले हाल पत्रकारितामा महत्त्वपूर्ण सूचना र तथ्यहहरू ख्याल ठट्टाको विषय बन्न पुगेको भन्द चिन्ता व्यक्त गर्नुभयो। उहाँले पहिले स्रोतमा पत्रकारको मात्रै पहुँच हुँदा समस्या नहुने गरेको तर हाल स्रोतमा सबैको पहुँच पुगेकाले पत्रकारितामा चुनौती बढेको धारणा राख्नुभयो।

पुरस्कृत व्यक्तिहरूका तर्फबाट बोल्दै रत्न राज्यलक्ष्मी क्याम्पस, पत्रकारिता तथा आमसञ्चार विभागका प्रमुख डा नेपालले पत्रकारिताको स्तर खस्किँदा समाजमा असर गर्ने भएकाले यसलाई आलोचनाभन्दा पनि स्तर सुधारका लागि भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

शिवपुरी गाउँपालिका अध्यक्ष गोविन्द थपलियाले सम्पादक समाज नेपालसँग जोडिएपछि शिवपुरी क्षेत्रमा पर्यटकहरूको आवागमन बढेको भन्दै खुसी व्यक्त गर्नुभयो। उहाँले विगतमा २५/३० हजार पर्यटक आउने गरेकामा सम्पादक समाजसँगको सहकार्यपछि पत्रकारले लेखेका समाचारकै कारण प्रचारप्रसाद हुँदा हाल वर्षमा एक लाखभन्दा बढी पर्यटक भित्रिने गरेको बताउनुभयो। यहाँका नागरिकको जीवनस्तर सुधार्न कृषि र पर्यटनलाई जोडेर गाउँपालिकाले काम गरिरहेको उल्लेख गर्दै खध्यक्ष थपलियाले यसमा सहयोग गर्न सबैलाई आग्रह गर्नुभयो।

प्रेस इन्स्टिच्युटका अध्यक्ष तीर्थ कोइरालाले पुँजी र प्रविधिको चेपुवामा पत्रकारिता परिरहेको उल्लेख गर्दै मर्यादित बनाउने कोशिष जारी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "प्रविधिले फड्को मारिरहेको छ, तर पत्रकारिताप्रतिको विश्वसनीयता अफ्ठेरो स्थितिमा आएको छ। अबको पुस्तालाई मर्यादित पत्रकारितामा डोर्याउन सम्पादक समाजको महत्त्वपूर्ण भूमिका हुनुपर्छ।"

समाजका उपाध्यक्ष जुनारबाबु बस्नेतलेहाल संसारभरि नै पत्रकारिताको मूल्य मान्यताबारे ठूलो बहस चलिरहेको उल्लेख गर्दै समाजलाई पनि मर्यादित पत्रकारिताको विमर्श गर्ने थलोका रूपमा विकास गरिएको बताउनुभयो। नेपाल अमेरिका पत्रकार समाजका अध्यक्ष टंक पन्त, सम्पादक समाजका संरक्षक किरण वैद्य, समाजका महासचिव श्याम डोटेलले आफ्नो धारणा राख्नुभयो। रासस

# सामाजिक विकासका लागि ३३ वटा संस्थाहरूबाट प्रस्ताव पेस




काठमाण्डु। काठमाडौं महानगरपालिकाको लक्षित वर्गको कार्यक्रम सहयोगअन्तर्गत कामपाको सामाजिक विकास विभागमा अहिलेसम्म ३३ वटा सङ्घसंस्थाले आवेदन दिएका छन्।

विभागले विभिन्न मितिमा आह्वान गरेको सार्वजनिक सूचनाबाट ३० प्रतिशत लागत सहभागिता जनाउनेगरी ती सङ्घसंस्थाले प्रस्ताव पेस गरेको सामाजिक विकास विभागका प्रमुख समीक्षा निरौलाले जानकारी दिनुभयो।

गत पुस २२ गते अपाङ्गताका क्षेत्रमा काम गर्ने सङ्घसंस्थाको प्रस्ताव आह्वान गरिएको थियो। पन्ध्र दिन अवधि भएकाले केही संस्थाले आवेदन दिन बाँकी नै छ।विभागले मङ्सिर ११ गते सार्वजनिक सूचना प्रकाशन गर्दै, ज्येष्ठ नागरिकका लागि काम गर्ने सङ्घसंस्थाहरूसँग प्रस्ताव माग गरेको थियो। नौ वटा सङ्घसंस्थाको प्रस्ताव पेस भएको यस क्षेत्रको सहयोगका लागि रु २० लाख छ।


गत पुस १५ गते अटिजमसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूका लागि कार्य गर्ने सङ्घसंस्थाका लागि सूचना प्रकाशन गरिएको थियो। यसमा रु २० लाख सहयोग रहेको छ। सहयोग प्राप्त गर्न ६ वटा सङ्घसंस्थाको प्रस्ताव परेको छ। रु २० लाख लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (एलजीवीटीक्युआइ) का लागि १७ गते सार्वजनिक सूचना प्रकाशन भएको थियो। यस क्षेत्रमा काम गर्न आठ वटा सङ्घसंस्थाको प्रस्ताव परेको निरौलाले जानकारी दिनुभयो।

गत पुस १ गते डाउन सिन्ड्रोम, सेरेब्रल पाल्सी, मस्कुलर डिस्ट्रोफी र मस्तिष्क पक्षघात भएका बालबालिका लक्षित कार्यक्रम गर्ने सङ्घसंस्थासँग प्रस्ताव माग गरिएको थियो। रु ३० लाख बजेट विनियोजन भएको क्षेत्रमा काम गर्न १० वटा सङ्घसंस्थाको प्रस्ताव पेस भएको छ।

विभागका प्रमुख समीक्षा निरौलाका अनुसार ३० प्रतिशत लागत सहभागिता संस्था आफैँले बेहोर्ने गरी प्रस्ताव पेस भएको हो। यसमा कम सहयोग प्रस्ताव गर्नेले रु तीन लाख ५० हजार र धेरै सहयोग प्रस्ताव पेस गर्नेले रु ८१ लाखको आवेदन परेको छ।

प्रस्ताव पेस गर्नेहरूबाट गरिने प्रस्तुतीकरणमा विगतमा गरेका काम र प्राप्त नतिजा, संस्थाको क्षमता, कामको प्रकृति, आवश्यकतालगायत सूचकका आधारमा अङ्क प्रदान गरेर सहयोग रकम प्रदानसम्बन्धी निर्णय प्रक्रिया अगाडि बढाइने निरौलाले जानकारी दिनुभयो।रासस






**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# थापाले सबैलाई समेट्नु पर्छ

प्रतिनिधि सभाको चुनावका लागि प्रत्यक्ष तर्फको उम्मेदवारी दर्ता हुनु भन्दा ६ दिन पूर्व नेपाली कांग्रेसको आधिकारिकता सम्बन्धी विवादको टुंगो लागेको छ। निर्वाचन आयोगले विशेष महाधिवेशनबाट सभापति चुनिएका गगनकुमार थापा सहितको कार्यसमितिलाई आधिकारिक मान्दै निर्वाचन आयोगमा कांग्रेस पार्टीको नयाँ केन्द्रीय समितिलाई अद्यावधिक गरेको छ। थापा नेतृत्वको समूहले आधिकारिकता पाएसँगै शेरबहादुर देउवा सभापति रहेको कांग्रेस पार्टीको केन्द्रीय समिति स्वतः समाप्त भएको निर्वाचन आयोगले आफ्नो निर्णयमा उल्लेख गरेको छ । पार्टी समानुपातिक उम्मेदवारको सूची सभापति देउवाको सिफारिसमा निर्वाचन आयोगमा दर्ता गराएको छ। त्यसको प्रायः सबै प्रक्रिया पूरा भइसकेको छ । प्रत्यक्ष तर्फको उम्मेदवारको सिफारिस नवनियुक्त सभापति थापाले निर्वाचन आयोगमा पठाउने छन् । थापाले पठाएको उम्मेदवारको सूचीलाई मात्र निर्वाचन आयोगले मान्यता दिनेछ। नेपाली कांग्रेसको आधिकारिक रहेको दाबी देउवा पक्षले छाडेको छैन । निर्वाचन आयोगको निर्णय दबाब र प्रभावमा परेर भएको आरोप लगाउँदै त्यसलाई सडक र न्यायिक निकायहरु मार्फत चुनौती दिने सो समूहले बताएको छ। थापा समूहले प्रक्रियागत रुपमा उम्मेदवारीलाई अगाडि बढाउने छ । नेपाली कांग्रेस विघटित संसदमा सबै भन्दा ठूलो दल थियो। फागुन २१ गते हुने निर्वाचनमा कांग्रेसको अवस्था राम्रो हुने देखिदैन । चुनावको मध्यमा कांग्रेस भित्र बढेको विवादले मतदातालाई समेत निराश बनाएको छ। कांग्रेसकै एउटा समूहले अर्को समूहको उम्मेदवारलाई पछार्ने काम गर्न उद्यत हुन सक्छ। कांग्रेसको आन्तरिक विवादले चुनावमा स्थिति खराब हुन सक्छ। सभापति थापाले एक्लै सबै १ सय ६५ निर्वाचन क्षेत्रमा चुनाव लडने घोषणा गरेको छ । हुन त कांग्रेसको विवादले चुनाव निर्धारित समयमै हुनेमा आशंका पनि बढाएको छ । न्यायिक निकाय र सडक संघर्षमा उत्रने तयारी थालेको देउवा समूहको कारण चुनाव बिथोलिन सक्ने आशंका समेत गरिएको छ। हुन त सरकारले कांग्रेसको आन्तरिक विवादले चुनावमा असर नपर्ने दाबी गरेको छ । कांग्रेसमा सभापति देउवाको स्थानमा थापा र अन्य केही पदाधिकारी र केन्द्रीय सदस्यहरु फेरिएका छन् । केन्द्रीय समितिका केही सदस्य, दुई जना महामन्त्री र एकजना सहमहामन्त्री देउवा नेतृत्वको कार्यसमितिमा पनि थिए। कांग्रेसमा अहिले विवाद बढाउनुको साटो एक भएर चुनावमा जान आवश्यक छ । सभापति थापाले इमान्दारीपूर्वक सबैलाई समेटेर अगाडि बढन सक्नु उनको सबै भन्दा ठूलो सफलता हुनेछ । चुनावमा धेरै अथवा थोरै सिट आउनु भन्दा सबैलाई समेटेर चुनावमा जान सके थापाको ऐतिहासिक उपलब्धि हुनेछ । त्यो कांग्रेस पार्टीका लागि समेत महत्वपूर्ण उपलब्धि हुनेछ। नयाँ नेतृत्वले यस तर्फ गम्भीर हुनु पर्छ।

# विधानको कसीमा कांग्रेसको आधिकारिकता : भ्रम, यथार्थ र संवैधानिक बाटो



पूर्णबहादुर खड्का

नेपाली कांग्रेसले संविधान र लोकतन्त्रमाथि भइरहेको प्रहारको रूपमा पार्टीभित्रको गतिविधि लिएको छ।

पार्टी विधान विपरीत कार्य गर्ने नेताहरूलाई कारबाही गर्दै, विशेष महाधिवेशनको मागको औचित्य समाप्त भएको कांग्रेसको भनाइ छ।

कांग्रेसले निर्वाचन आयोगलाई संविधान, ऐन, कानुन, र विधानअनुसार निर्णय गर्न अनुरोध गरेको छ।

मुलुक अहिले एक अत्यन्त संवेदनशील र गम्भीर मोडमा उभिएको छ । नेपालको संविधान, हामीले लामो संघर्षबाट प्राप्त गरेको लोकतन्त्र र हालसम्मका राजनीतिक उपलब्धिहरूमाथि गम्भीर षड्यन्त्रका काला बादलहरू मडारिन थालेका संकेतहरू देखिएका छन् । विडम्बनापूर्ण कुरा के छ भने, त्यही षड्यन्त्रको एउटा ठुलो र गम्भीर कडीका रूपमा मुलुकको सबैभन्दा जेठो र लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसभित्रै केही अवाञ्छित गतिविधिहरू देखा परेका छन् ।

केही व्यक्तिहरूले निर्वाचन आयोगमा आएर 'हामी नै आधिकारिक कांग्रेस हौँ' भनी दाबी गरेको समाचार हामीले सञ्चार माध्यममार्फत जानकारी पायौँ । यस घटनालाई नेपाली कांग्रेसले केवल एउटा सामान्य राजनीतिक दाउपेचका रूपमा मात्र नभई संविधान र लोकतन्त्रमाथि भइरहेको चौतर्फी प्रहारकै एउटा अंगका रूपमा लिएको छ ।

नेपाली कांग्रेस विधिसम्मत र लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने पार्टी हो । पार्टीको जीवन र सञ्चालन प्रक्रिया विधानद्वारा निर्देशित हुन्छ । नेपाली कांग्रेसको विधानमा स्पष्ट व्यवस्था छ– पार्टी सभापति शेरबहादुर देउवाको नेतृत्वमा रहेको केन्द्रीय कार्यसमितिबाहेक पार्टीको अन्य कुनै पनि निकाय, कोही व्यक्ति, कार्यवाहक, पदाधिकारी वा कुनै समूहले पार्टीको कुनै पनि तहको वा कुनै पनि प्रकृतिको अधिवेशन आयोजना गर्ने अधिकार राख्दैन । यो वैधानिक व्यवस्थालाई चुनौती दिँदै कसैले सडकबाट वा कोठाबाट अधिवेशनको घोषणा गर्छ भने त्यो नितान्त अवैधानिक र हास्यास्पद हुन जान्छ ।

जहाँसम्म 'विशेष महाधिवेशन' को चर्चा र भ्रम छ, यसमा पनि विधान प्रस्ट छ । विधानअनुसार ४० प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गर्न सक्ने प्रावधान अवश्य छ । तर, माग गर्नु र अधिवेशन आयोजना गर्नु नितान्त फरक विषय हुन् । विधानले ४० प्रतिशत प्रतिनिधिले हस्ताक्षर बुझाएर माग गर्न सक्ने अधिकार दिए पनि त्यसको सुनुवाइ गर्दै अधिवेशनको मिति, स्थान र प्रक्रिया तोक्ने अर्थात् आयोजना गर्ने अधिकार केवल र केवल केन्द्रीय कार्यसमितिलाई मात्र प्रदान गरेको छ । हाम्रो विधानको परिकल्पनामा 'केन्द्र' भन्नाले नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यालयलाई जनाउँछ । तसर्थ, माग प्राप्त भएपछि त्यसउपर छलफल गरी निर्णय गर्ने अधिकार पनि केन्द्रीय समितिकै क्षेत्राधिकारभित्र पर्दछ ।

हामीले पार्टीको आन्तरिक जीवनलाई गतिशील बनाउन र समयमै महाधिवेशन सम्पन्न गर्न कुनै कसर बाँकी राखेका थिएनौँ । विशेष महाधिवेशनको माग भई निवेदन दर्ता भएपछि हामीले त्यसलाई दुईवटा कोणबाट विश्लेषण गर्‍यौँ । एउटा, मागकर्ताहरूको आशय बमोजिम मङ्सिर २१ भित्रै नियमित वा विशेष अधिवेशन गर्ने सम्भावना र अर्को नियमित प्रक्रिया । यही विषयलाई मध्यनजर गर्दै हामीले गत मङ्सिर १५ गते केन्द्रीय कार्यसमितिको बैठक बोलायौँ । उक्त बैठकले सर्वसम्मतिबाट–जसमा अहिले असन्तुष्ट भनिएका साथीहरूको समेत सहमति थियो–आगामी पुसको २६, २७ र २८ गते १५औँ महाधिवेशन गर्ने गरी कार्यतालिका सार्वजनिक गर्‍यो ।

यो निर्णयसँगै पार्टी अधिवेशनको नियमित प्रक्रियामा प्रवेश गरिसकेको थियो । सुरुमा हामीले क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरणको काम थाल्यौँ । कार्यतालिका अनुसार मङ्सिर १६ गतेभन्दा अगाडि नै क्रियाशील सदस्यताको नयाँ र नवीकरणको अन्तिम सूची तयार गरी केन्द्रीय सभापतिलाई बुझाउनुपर्ने जिम्मेवारी तोकिएको थियो । यो गम्भीर जिम्मेवारी कसको थियो ? यो तथ्य सबैले बुझ्न जरुरी छ । तत्कालीन महामन्त्री गगनकुमार थापाको संयोजकत्वमा रहेको चार सदस्यीय समितिलाई क्रियाशील सदस्यता टुङ्गो लगाउने जिम्मा दिइएको थियो । तर, विडम्बना ! उहाँकै संयोजकत्वमा रहेको समितिले तोकिएको समय (मङ्सिर १६) भित्र क्रियाशील सदस्यताको सूची तयार गरी बुझाउन सकेन ।

व्यवस्थापन समितिको संयोजकका रूपमा उहाँले समयमै काम सम्पन्न नगरेका कारण नियमित अधिवेशनको पूर्वघोषित कार्यतालिका प्रभावित हुन पुग्यो । यसरी आफैँ जिम्मेवारी लिने, आफैँ काम समयमा नगर्ने र आफैँ बाहिर गएर अधिवेशन भएन भनी कोलाहल मच्चाउनु कति नैतिक विषय हो ?

### संशोधित कार्यतालिका र विशेष महाधिवेशनको औचित्य

क्रियाशील सदस्यताको सूची समयमै प्राप्त नभएपछि पूर्वनिर्धारित मितिमा महाधिवेशन गर्न प्राविधिक रूपमा असम्भव भयो । हाम्रो विधानमा केन्द्रीय कार्यसमितिको बैठक बस्न नसकेको अवस्थामा वा तत्काल निर्णय लिनुपर्ने अवस्थामा 'केन्द्रीय कार्यसम्पादन समिति' ले निर्णय गर्न सक्ने र पछि केन्द्रीय समितिबाट अनुमोदन गराउनुपर्ने व्यवस्था छ । सोही अधिकार प्रयोग गर्दै हामीले पुस १८ गते कार्यसम्पादन समितिको बैठकबाट महाधिवेशनको कार्यतालिका संशोधन गर्‍यौँ । अब पार्टीको महाधिवेशन आगामी वैशाखको २६ देखि २९ गतेसम्म हुने गरी नयाँ मिति तय गरिएको छ । यी सबै निर्णयहरू हामीले विधिवत् रूपमा निर्वाचन आयोगमा समयमै जानकारी गराइसकेका छौँ ।

यहाँनेर बुझ्नुपर्ने अर्को महत्वपूर्ण कुरा के छ भने, जब मङ्सिर १५ गते केन्द्रीय कार्यसमितिले महाधिवेशनको कार्यतालिका सार्वजनिक गर्‍यो र प्रक्रिया अगाडि बढ्यो, त्यही बिन्दुबाट 'विशेष महाधिवेशन' को मागको औचित्य समाप्त भइसकेको थियो। किनकि विशेष महाधिवेशन माग गर्ने साथीहरू नै नियमित महाधिवेशनको प्रक्रियामा सहभागी भइसकेका थिए । कतिपय वडा तहका अधिवेशन सम्पन्न भए, जनसम्पर्क समितिहरूको १५औँ महाधिवेशन प्रारम्भ भयो र कतिपय ठाउँमा सम्पन्न पनि भयो । नियमित प्रक्रियामा आफैँ सहभागी हुने, उम्मेदवार बन्ने, प्रतिनिधि बन्ने अनि फेरि बाहिर गएर विशेष महाधिवेशनको रटान लगाउनु विरोधाभासपूर्ण छ।

### अनुशासन र कारबाही

लोकतन्त्रमा पार्टीको विधान, मुलुकको संविधान, निर्वाचन ऐन र दलसम्बन्धी कानुन सर्वोपरि हुन्छ । यी दस्तावेजहरूमा भएको व्यवस्थाबाहेक अपव्याख्या गरेर, कुनै अमुक व्यक्तिले 'मैले विशेष महाधिवेशन गरेँ', 'म सहभागी थिएँ' भन्दै पत्राचार गर्नु वा आयोगमा धाउनु पूर्णतः असंवैधानिक र अवैधानिक कार्य हो । यस्तो अराजकतालाई कुनै पनि लोकतान्त्रिक पार्टीले छुट दिन सक्दैन ।

पार्टीको विधानविपरीत, अनुशासनको सीमा नाघेर समानान्तर गतिविधि गर्ने, अनधिकृत रूपमा भेला बोलाउने र पार्टीको वैधानिक नेतृत्वलाई चुनौती दिने कार्य विधानले वर्जित गरेको छ। यही कारणले गर्दा, पार्टीको केन्द्रीय कार्यसमितिको बैठकले तत्कालीन महामन्त्री गगनकुमार थापा, महामन्त्री विश्वप्रकाश शर्मा र सह-महामन्त्री बद्रीप्रसाद पाण्डेलाई नेपाली कांग्रेसको विधानबमोजिम पाँच वर्षका लागि साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको छ । यो निर्णय केन्द्रीय समितिबाट सर्वसम्मतिले पारित भएको हो । अहिले उहाँहरू नेपाली कांग्रेसको साधारण सदस्य पनि हुनुहुन्न, पदाधिकारीको त कुरै भएन । यो यथार्थ निर्वाचन आयोग र आम जनमानसले बुझ्न जरुरी छ।

कतिपयले पार्टीको वैधानिकता र म्याद सकिएको भन्ने भ्रम छर्न खोजेका छन् । यसमा पनि विधान स्पष्ट छ। नियमित रूपमा चार वर्षभित्र महाधिवेशन गर्नुपर्ने व्यवस्था हो। तर, यदि कुनै विशेष कारणवश वा असाधारण परिस्थितिमा चार वर्षमा महाधिवेशन हुन नसकेमा केन्द्रीय कार्यसमितिले कारण खुलाएर एक वर्ष म्याद थप्न पाउने वैधानिक व्यवस्था छ । सोही व्यवस्थामा टेकेर हामीले जेठ मसान्तसम्मका लागि पार्टीका सबै तह (केन्द्र, प्रदेश, जिल्ला, क्षेत्र, वडा र पालिका) को म्याद थप गरिसकेका छौँ । यदि म्याद नथपिएको भए मङ्सिर २१ अघि हस्ताक्षर गर्नेहरूको केही तर्क रहन्थ्यो होला, तर म्याद विधिवत् रूपमा थपिसकिएको अवस्थामा त्यो तर्कको कुनै गुन्जायस छैन । शेरबहादुर देउवाको नेतृत्वमा रहेको १४औँ महाधिवेशनबाट निर्वाचित कार्यसमिति नै पूर्णतः वैधानिक र आधिकारिक हो।

### निर्वाचन आयोगसागको अपेक्षा

नेपाली कांग्रेस मुलुकको प्रमुख शक्ति हो र लोकतान्त्रिक आन्दोलनको मियो हो । अहिले निर्वाचनको प्रक्रिया अगाडि बढिरहेको छ । यस्तो अवस्थामा निर्वाचन आयोगले कुनै पनि त्यस्तो निर्णय नगरोस् जसले निर्वाचनको वातावरण बिग्रियोस् वा अन्योल सिर्जना होस् । हाम्रो आयोगसँग विनम्र अनुरोध छ– संविधान, ऐन, कानुन, निर्वाचनसम्बन्धी कानुन, दलसम्बन्धी ऐन र नेपाली कांग्रेसको विधान तथा नियमावलीलाई अगाडि राखेर निर्णय गरियोस् ।

विगतमा पनि निर्वाचन आयोगले यस्ता विवादहरूमा गरेका निर्णयहरूका स्थापित नजिरहरू छन् । ती नजिरहरू, विधानको व्यवस्था र कानुनको मर्मभन्दा बाहिर गएर आयोगबाट कुनै निर्णय हुने छैन भन्नेमा हामी पूर्ण विश्वस्त छौँ। १४औँ महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवाको नेतृत्वको सिंगो पार्टी संरचनाबाहेक अन्य कुनै पनि समूह वा व्यक्तिको दाबीलाई आयोगले मान्यता दिने छैन भन्ने हाम्रो विश्वास छ । यदि अन्यथा भयो भने, त्यो नेपाली कांग्रेसलाई स्वीकार्य हुने छैन । त्यसले केवल पार्टीलाई मात्र होइन, मुलुकको संविधान र लोकतन्त्रलाई नै अप्ठ्यारोमा पार्नेछ।

अन्त्यमा, हामी निर्वाचन आयोगको 'स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन' को संकल्पमा साथमा छौँ । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, संविधान र जनताप्रतिको हाम्रो प्रतिबद्धता अटुट छ । पार्टीभित्र देखिएको यो कृत्रिम विवाद र षड्यन्त्रलाई चिर्दै हामी एकताबद्ध भएर अगाडि बढ्नेछौँ। व्यक्तिको सनक वा कुण्ठाले संस्थाको वैधानिकता समाप्त हुँदैन, संस्था विधि र विधानले चल्छ। नेपाली कांग्रेस त्यही विधि र विधानको जगमा उभिएको छ र उभिरहनेछ।

(नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले निर्वाचन आयोगमा गरेको सम्बोधनको सम्पादित उतार)

> हामी निर्वाचन आयोगको "स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन" को संकल्पमा साथमा छौँ । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, संविधान र जनताप्रतिको हाम्रो प्रतिबद्धता अटुट छ । पार्टीभित्र देखिएको यो कृत्रिम विवाद र षड्यन्त्रलाई चिर्दै हामी एकताबद्ध भएर अगाडि बढ्नेछौँ । व्यक्तिको सनक वा कुण्ठाले संस्थाको वैधानिकता समाप्त हुँदैन, संस्था विधि र विधानले चल्छ । नेपाली कांग्रेस त्यही विधि र विधानको जगमा उभिएको छ र उभिरहनेछ ।

# सुशासन, दल र लोकतन्त्र



डा. शोभाकर पराजुली

नेपाली राजनीतिक दलहरू सुशासनका बाधक बनेको र सत्ता केन्द्रित सोचले नीतिलाई ओझेल पारेको कुरा बताइएको छ।

सुशासनका आधारस्तम्भहरू राजनीतिक दलको व्यवहारसँग जोडिएका छन्, र दलहरूले आफूलाई परिवर्तन नगरेसम्म सुशासन सम्भव नहुने कुरा उल्लेख छ।

भ्रष्टाचार र भागबन्डाले सुशासनलाई कमजोर पारेको, र राजनीतिक नैतिकताको अभावले गर्दा लोकतन्त्रको भविष्य संकटमा परेको विश्लेषण गरिएको छ।

सुशासन कुनै प्रशासनिक प्रविधि मात्र होइन, यो राजनीतिक नैतिकताको प्रतिफल हो । सुशासन त्यहाँ जन्मिन्छ, जहाँ शक्ति उत्तरदायित्वसँग बाँधिन्छ, जहाँ नीति स्वार्थमाथि विजय हुन्छ, र जहाँ राज्य जनताको सेवक बन्छ- शासक होइन । यस्तो सुशासन निर्माणमा राजनीतिक दलहरूको भूमिका केन्द्रीय हुन्छ, किनकि लोकतन्त्रमा राज्य सञ्चालनको वैचारिक, नीतिगत र नैतिक नेतृत्व राजनीतिक दलहरूले नै गर्छन् । तर आजको नेपाली सन्दर्भमा प्रश्न उठ्छ- राजनीतिक दलहरू सुशासनका वाहक हुन् कि अवरोध ?

सुशासनको कुरा नेपालमा त्यति बेला उठ्छ, जब शासन सबैभन्दा कुशासनमा डुबेको हुन्छ । राजनीतिक दलहरू सुशासनलाई भाषणको गहना बनाउँछन्, तर व्यवहारमा त्यसलाई बोझ ठान्छन् । यो कुनै संयोग होइन; यो नेपाली राजनीतिक दलहरूको संरचनागत असफलता हो ।

प्रश्न सरल छ- सुशासनको समस्या राज्यको हो कि राजनीतिक दलहरूको ?

लोकतन्त्रमा सरकार बदलिन्छ, तर शासनको शैली नबदलिनु आफैंमा राजनीतिक दलहरूको सामूहिक अपराध हो । अन्ततः सुशासन राजनीतिक इच्छाशक्तिको परिणाम हो । राजनीतिक दलहरू बदलिन चाहेनन् भने कुनै कानुन, कुनै आयोग, कुनै प्रविधिले सुशासन ल्याउन सक्दैन । लोकतन्त्रको गुणस्तर दलहरूको चरित्रमा निर्भर हुन्छ ।

आजको चुनौती स्पष्ट छ- राजनीतिक दलहरूले आफूलाई पुनःपरिभाषित गर्नुपर्छ । सत्ता जित्ने मेसिनबाट बाहिर निस्केर सार्वजनिक विवेकका संरक्षक बन्नुपर्छ । सुशासन कुनै उपहार होइन; यो राजनीतिक अनुशासन, नैतिक साहस र वैचारिक स्पष्टताको उपज हो ।

यदि राजनीतिक दलहरू सुध्रिएनन् भने राज्य सुध्रिँदैन । र, यदि राज्य सुध्रिएन भने लोकतन्त्र केवल चुनावी रितमा सीमित हुन्छ ।सुशासनका चार आधारस्तम्भ मानिन्छन्- उत्तरदायित्व, पारदर्शिता, विधिको शासन र सहभागिता । यी चारै स्तम्भ राजनीतिक दलको व्यवहारसँग प्रत्यक्ष जोडिएका छन् । दलहरू लोकतन्त्रका मध्यस्थ संस्था हुन् । जनता र राज्यबीचका पुल । यदि पुल नै कमजोर भयो भने शासनको सम्पूर्ण संरचना अस्थिर हुन्छ ।

राजनीतिक दलहरू केवल चुनाव जित्ने यन्त्र होइनन् । ती नीति निर्माणका प्रयोगशाला, नेतृत्व उत्पादनका विद्यालय र लोकतान्त्रिक संस्कृतिका संरक्षक हुन् । जब दलहरू वैचारिक रूपमा दरिद्र, संगठनात्मक रूपमा अपारदर्शी र नैतिक रूपमा लाचार हुन्छन्, तब सुशासन सम्भव हुँदैन, चाहे संविधान जतिसुकै प्रगतिशील किन नहोस् ।

नेपाली राजनीतिक दलहरूको सबैभन्दा ठुलो समस्या सत्ता-केन्द्रित सोच हो । नीति होइन पद, सिद्धान्त होइन शक्ति, उत्तरदायित्व होइन पहुँच । यिनै प्राथमिकता बनेका छन् । यस्तो राजनीतिक संस्कृतिमा सुशासन 'घोषणापत्र' मा मात्र सीमित हुन्छ, व्यवहारमा होइन ।

सत्ता प्राप्तिपछि दलहरू राज्य र पार्टीबिचको सीमारेखा मेट्छन् । राज्य स्रोत पार्टीका कार्यकर्ता पाल्न प्रयोग हुन्छ । नियुक्ति योग्यतामा आधारित होइन, निष्ठामा आधारित बन्न पुग्छ र नीति जनहितमा होइन, गठबन्धनको सन्तुलन मिलाउनका लागि बन्न पुग्छ । यसरी राजनीतिक दल स्वयं सुशासनको पहिलो शत्रु बन्न पुग्छन् ।

राजनीतिक दलहरू आफूलाई लोकतन्त्रका रक्षक भन्छन्, तर व्यवहारमा उनीहरू राज्य कब्जाका संयन्त्र बनेका छन् । निर्वाचन जितेपछि राज्य 'जनताको' होइन, 'दलको' सम्पत्ति हो भन्ने जस्तो व्यवहार गर्छन् । नियुक्तिदेखि बजेटसम्म, नीतिदेखि कानुनसम्म सबै कुरा भागबन्डाको सूत्रमा चल्छ ।

दलहरू राज्य चलाउँदैनन्, राज्य बाँडफाँट गर्छन् । र, जहाँ राज्य बाँडिन्छ, त्यहाँ सुशासन होइन, सञ्जालमार्फत शासन सञ्चालन गर्ने विधि जन्मिन्छ । सुशासन किन दलहरूलाई असहज लाग्छ त ? किनकि सुशासनले अनुशासन माग्छ । किनकि सुशासनले उत्तरदायित्व खोज्छ । किनकि सुशासनले 'हाम्रो मान्छे' को सुरक्षा तोड्छ । राजनीतिक दलहरूलाई भ्रष्टाचार भन्दा डर लाग्दैन; उनीहरूलाई डर लाग्छ–भ्रष्टाचारमाथि कारबाही हुने दिनबाट ।

त्यसैले कानुन कडा बनाइन्छ तर लागू हुँदैन । आयोग बनाइन्छ तर निष्क्रिय हुन्छन् । भाषण तीखो हुन्छ तर इच्छाशक्ति हराउँदै जान्छ । सबैभन्दा ठुलो विडम्बना के हो भने, जो दलहरू भित्रको आन्तरिक लोकतन्त्रको अभ्यासमा अनुदार छन्, उनीहरू नै देशमा सुशासन ल्याउने दाबी गर्छन् । अधिवेशन ढिला, नेतृत्व स्थायी, आलोचक शत्रु । यही दलहरूको वास्तविक चरित्र हो ।

दलभित्र प्रश्न गर्न नपाइने संस्कृतिले सरकारभित्र भ्रष्टाचारलाई वैध बनाउँछ । जहाँ नेतृत्व अकाट्य हुन्छ, त्यहाँ कुशासन अपरिहार्य हुन्छ । सुशासनको पहिलो परीक्षा राजनीतिक दलभित्रै हुन्छ । जसरी घरभित्र अनुशासन नमान्ने अभिभावकले समाजलाई नैतिकताको पाठ पढाउन सक्दैन, ठिक त्यसरी नै दलभित्र नियमित अधिवेशन, पारदर्शी आर्थिक प्रणाली, नेतृत्व चयनमा प्रतिस्पर्धा र असहमतिको सम्मान गर्ने अभ्यास नगरी उनीहरू सुशासनको भाषण गर्न नैतिक रूपमा अयोग्य ठहरिन्छन् ।

नेपाली दलहरूमा नेतृत्व दीर्घकालदेखि कब्जामा छ । विचारभन्दा अनुहार बलियो छ, संस्थाभन्दा व्यक्ति । यस्तो व्यक्तिवादी राजनीति सुशासनको ठाडो विरोधी हो । जब दलभित्र प्रश्न गर्न डर लाग्छ, तब सरकारभित्र भ्रष्टाचार स्वाभाविक बन्छ ।

प्रतिपक्ष त सरकारलाई निगरानी गर्ने हो, तर नेपालमा प्रतिपक्ष सरकारसँग मोलतोल गर्ने शक्ति बनेको छ । सरकारको गल्ती उजागर गर्ने होइन, सरकारमा जाने अवसर खोज्ने परम्पराले सुशासनलाई मजाक बनाएको छ । हिजो संसद् बहसको थलो देखिएन, सम्झौताको गल्ली बन्न पुगेको थियो । नीतिमा बहस होइन, सत्तामा अङ्कगणित हाबी भयो । यस्तो संसदीय संस्कृतिमा सुशासन केवल कागजी अवधारणा बन्न पुग्छ । त्यसैले हामी त्यसबाट जोगिएर अघि बढ्नुपर्ने हुन्छ ।

सङ्घीयता सुशासनको अवसर थियो, तर दलहरूले त्यसलाई नयाँ तहको भागबन्डामा रूपान्तरण गरे । स्थानीय तह जनताको नजिकको सरकार बन्नुपर्ने थियो, तर धेरै ठाउँमा दलका गुटहरूको अखडा बन्यो । स्थानीय सरकार कमजोर छैन; दलहरूले कमजोर बनाएका हुन् । किनकि बलियो स्थानीय सुशासनले केन्द्रको नियन्त्रण कमजोर बनाउँछ र त्यो दलका नेताहरूलाई असहज लाग्छ ।

संघीय संरचनामा राजनीतिक दलहरूको भूमिका झनै जटिल र जिम्मेवार हुन्छ । स्थानीय तहमा दलहरू विकासका साझेदार बन्नुपर्ने हो, तर धेरै ठाउँमा ती ठेक्का, भागबन्डा र गुटबन्दीका केन्द्र बनेका छन् । स्थानीय सुशासन दलहरूको व्यवहारमा निर्भर छ । यदि स्थानीय नेतृत्व प्रशिक्षित छैन, नीतिगत रूपमा कमजोर छ र केवल पार्टी आदेशमा चल्छ भने सङ्घीयताको आत्मा नै मर्छ । त्यसैले दलहरूले स्थानीय नेतृत्व विकासलाई प्राथमिकतामा राख्नैपर्छ ।

नेपाली राजनीतिमा भ्रष्टाचार कुनै दुर्घटना होइन; यो दल र राज्यको संरचनामा गढिएको प्रणाली हो । ठुला भ्रष्टाचार काण्डहरू किन निष्कर्षमा पुग्दैनन् ? किनकि आरोपी व्यक्ति होइन, राजनीतिक संरचनाको हिस्सा हो । जब दलहरूले 'हाम्रो मान्छे' लाई जोगाउँछन्, तब कानुन अपराधी विरुद्ध होइन, नागरिकका विरुद्ध प्रयोग हुन्छ । यहीँबाट राज्यप्रति विश्वास भत्किन्छ ।

सुशासन सुधार होइन, राजनीतिक पुनर्निर्माण हो । सुशासन कुनै प्राविधिक सुधारको परियोजना होइन । यो राजनीतिक पुनर्निर्माणको सवाल हो । दलहरूले आफूलाई नबदल्दासम्म राज्य बदलिँदैन । सत्ता हस्तान्तरण हुन्छ, तर शासनको डीएनए उस्तै रहन जान्छ । समस्या अनुहारको होइन, चरित्रको हो । समस्या सरकारको होइन, दलहरूको हो ।

आज सुशासनको सबैभन्दा ठुलो बाधा कमजोर कानुन होइन; कमजोर राजनीतिक नैतिकता हो । राजनीतिक दलहरू सुध्रिएनन् भने, सुशासनको बहस बौद्धिक विलासमै सीमित हुने निश्चित छ । दलहरूलाई प्रश्न नगरी सुशासन सम्भव छैन । र, दलहरू नबदली लोकतन्त्रको भविष्य सुरक्षित छैन ।रातोपाटी

# निर्वाचनको तयारीबारे गृहमन्त्री र आयोग पदाधिकारीबीच छलफल



काठमाण्डु । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको स्वीकृत कार्यतालिकाअनुसार भए गरेका कामबारे गृहमन्त्री ओमप्रकाश अर्याल र निर्वाचन आयोगका पदाधिकारीबीच छलफल भएको छ ।

मन्त्री अर्यालले कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका पदाधिकारीसँग शनिबार आयोगको कार्यालय, बहादुर भवनमा छलफल गर्नुभएको हो । त्यस अवसरमा कार्यवाहक प्रमुख आयुक्त भण्डारीले आयोगबाट स्वीकृत कार्यतालिकाअनुसार निर्वाचनको काम नियमित र तालिका भइरहेको जानकारी गराउनुभयो ।

उहाँले निर्वाचन अधिकृतका कार्यालय स्थापना भइसकेका र अब निर्वाचन तयारीका हिसाबले करिब ८० प्रतिशतभन्दा बढी काम भएको बताउनुभयो । आयोगले यही माघ ११ गते राष्ट्रियसभाको पनि निर्वाचन गराउँदैछ । भण्डारीले निर्वाचन आचारसंहिता पालनालाई प्रभावकारी बनाउन सूक्ष्म अनुगमन गरिने जानकारी दिनुभयो ।

गृहमन्त्री अर्यालले मन्त्रालय र आयोगबीच दोहोरो समन्वय हुनुपर्ने विषय पहिचान गरी सहकार्य गरिने विश्वास दिलाउँदै सुरक्षा व्यवस्थापनमा सरकारका तर्फबाट पर्याप्त तयारी भएको बताउनुभयो । उहाँले निर्वाचन तयारी, मतदान प्रक्रिया र मतगणनासम्मको एकीकृत सुरक्षा योजनाअनुसार सरकारले सुरक्षाको प्रत्याभूति गर्ने पनि स्पष्ट गर्नुभयो ।

आयोगका सचिब कृष्णबहादुर राउतले राष्ट्रियसभा सदस्य निर्वाचनको मतपत्र छपाइ सकिएको र अब मतपत्र तथा निर्वाचन सामग्री सम्बन्धित कार्यालयमा पठाउने चरणमा रहेको जानकारी दिनुभयो ।रासस

# भावी सरकारमा पनि 'मिडिया'कर्मीको प्रतिनिधित्व हुनुपर्छः सञ्चारमन्त्री




पाटन । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले भावी सरकारमा पनि 'मिडिया'कर्मीको प्रतिनिधित्व हुनुपर्ने बताउनुभएको छ ।

नेपाल पत्रकार महासङ्घ एसोसिएट प्रदेशको आयोजनामा शनिबार ललितपुरको महालक्ष्मीस्थानमा भएको दोस्रो राष्ट्रिय सम्मेलनमा उहाँले सञ्चारकर्मीहरु हरेक क्षेत्रमा निपुण भएकाले अब बन्ने सरकारका पनि उनीहरुको प्रतिनिधित्व हुनुपर्ने बताउनुभयो ।

पत्रकारले देश, समाज र राजनीतिका बारेमा सबै कुरा बुझेकाले राज्य सञ्चालन गर्न सञ्चारकर्मीलाई कठिन नहुने विचार व्यक्त गर्दै भन्नुभयो, "म पनि २५ वर्ष पत्रकारिता गरेको व्यक्ति हुँ जेनजी आन्दोलनको बलमा आकस्मिक रुपमा मन्त्री भएको हुँ राजनीतिलाई पेसा बनाउनेले मात्रै राजनीति गर्नुपर्छ भन्ने भाष्य चिरिएको छ, जेनजी जनआन्दोलनले पत्रकारितालाई गरेको सम्मानका कारण म मन्त्री भएको हुँ देशका १४ हजारभन्दा बढी पत्रकारमध्ये धेैमा राष्ट्रको नेतृत्व गर्ने क्षमता छ ।"

सञ्चार तथ सूचना प्रविधिमन्त्रीले जेनजी आन्दोलनको बलमा गठन भएको वर्तमान सरकारले चार महिनामा जनपक्षीय काम मात्र गरेको बताउँदै आगामी फागुन २१ गते हुने निर्वाचनलाई सफल पार्न समाजका हरेक वर्गबाट सहयोग हुनुपर्नेमा जोड दिनुभयो । "हामी सबै निर्वाचनमा होमिँदैछौँ, यसलाई सफल पार्न पत्रकारिता क्षेत्रबाट अझ सशक्त भूमिकाको अपेक्षा हामीले गरेका छौँ," उहाँले भन्नुभयो ।मन्त्री खरेलले जेनजी आन्दोलनको मर्म परिवर्तन भएको दोहोऱ्याउँदै आम निर्वाचनलाई सफल पार्न समाजका हरेक वर्गबाट सक्रिय भूमिका निर्वाह हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले श्रमजीवी पत्रकारहरुको हकहितका खातिर महासङ्घ क्रियाशील रहेको बताउनुभयो । साथै उहाँले अभिव्यक्ति स्वतन्त्रता र लोकतन्त्रको रक्षाका लागि पनि महासङ्घ सक्रिय रहेको बताउनुभयो । चलचित्र पत्रकार सङ्घका अध्यक्ष बैकुण्ठराज पराजुलीले मूलधारका मिडियामा कार्यरत श्रमजीवी पत्रकार हरुको हकहितका लागि सबै पत्रकार एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।रासस

# कांग्रेस संस्थापन पक्षले कानुनी उपचार खोज्ने



पाटन । शेरबहादुर देउवाको नेतृत्वको नेपाली कांग्रेसल यही माघ २ गते निर्वाचन आयोगले गरेको निर्णयका विरुद्ध कानुनी उपचार खोज्ने भएको छ ।

शनिबार बिहान पार्टीको केन्द्रीय कार्यालय सानेपामा कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा भएको बैठकले उक्त निर्णय गरेको पार्टी प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिनुभयो ।

"निर्वाचन आयोगले २०८२ साल माघ २ गते एकलौटी रुपमा गरेको निर्णय दुराशयपूर्ण छ, आयोगले हामीलाई बोलाएर सुन्ने काम पनि गरेन, आयोगको स्थापित नजिर र निर्वाचनसम्बन्धी व्यवस्था पालना नभएकाले आइतबार हामी सर्वोच्च अदालतमा कानुनी उपचारका लागि जान्छौँ," प्रवक्ता महतले भन्नुभयो ।रासस

# कांग्रेसलाई एकढिक्का बनाएर अगाडि लैजान्छौँः सभापति थापा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीलाई आगामी दिनमा एक ढिक्का बनाएर अगाडि बढाउने बताउनुभएको छ ।

नेपाली कांग्रेको दोस्रो विशेष महाधिवेशनलाई निर्वाचन आयोगले मान्यता दिएपछि शनिबार केन्द्रीय कार्यसमितिको बैठक बस्नुअघि सञ्चारकर्मीसँग कुरा गर्दै विगतका तिक्ततालाई बिर्सेर पार्टीलाई आगामी दिनमा एक ढिक्का बनाएर अगाडि बढ्ने बताउनुभएको हो ।

निर्वाचन आयोगले निर्णय गरिसकेपछि निर्णयलाई स्वीकार गरेर आगामी दिनमा अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । "पार्टीभित्रका अग्रज नेतालाईसँगै हिँडाउने र नयाँ युवालाई जोडेर अगाडि बढ्छौँ, पूर्वसभापति शेरबहादुर देउवाको अभिभावकत्व र संरक्षकत्वको भूमिका खोजेको छौँ, एकदुई दिनभित्र सिङ्गो कांग्रेस एक ठाउँमा उभिने वातावरण बनाउन लागिरहेका छौँ," उहाँले भन्नुभयो ।

उहाँले फागुन २१ मा हुने निर्वाचनका लागि उम्मेदवार टुङ्ग्याउने समय नजिकिएसँगै समयको चाप रहेको भन्दै सबैलाई साथमा लिएर पार्टीलाई आगाडि बढाउने दृढता व्यक्त गर्नुभयो ।रासस

# निर्वाचन सामग्री आपूर्तिका लागि आयोगमा १३ सेवाप्रदायक संस्था सूचीकृत

काठमाण्डु । निर्वाचन आयोगले हिमाली तथा उच्च हिमाली क्षेत्रमा मतपत्रलगायतका सामग्री ढुवानीका लागि विभिन्न १३ व्यवसायीक संस्था सूचीकरण गरेको छ ।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक निर्वाचन सामग्री, मतपत्र तथा अन्य अत्यावश्यक सामग्री ढुवानीका लागि कुरियर सेवातर्फ दुई वटा फर्म छनौट गरेको हो ।आयोगका अनुसार, यसरी छनोट भएका व्यवसायीक फर्ममा साझा कुरियर एण्ड कार्गो र ट्रान्स एयर इन्टरनेशनल लजिष्टिक प्रालि रहेका छन् । आयोगले हेलिकोप्टर सेवातर्फ पनि फर्म वा कम्पनीलाई सूचीकृत हुन आग्रह गरेको भएपनि कुनै पनि फर्मले दर्ता गराएका छैनन् ।




यस्तै, ट्रक तथा कन्टेनर सेवा उपलब्ध गराउनका लागि ११ वटा फर्म सूचीकरण भएका छन् । आयोगका अनुसार यसरी दर्ता भएका सेवा प्रदायकमा हिमालयन कार्गो लजिष्टिक, वासुकी ट्रान्सपोर्ट, चितवन रोडवेज क्यारियर, न्यू भैरव ट्रान्सपोर्ट, अदिति ट्रान्सपोर्ट छन् ।यस्तै, ओम ट्रान्सपोर्ट, हरहर महादेव ढुवानी सेवा, देउती बज्यै कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि, कृष्ण ट्रान्सपोर्ट, धवलागिरि कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स र एयर मनकामना कुरियर एण्ड कार्गो प्रालि सूचीकृत भएका छन् ।

आयोगले गत पुस १७ गतेको सार्वजनिक सूचनाका आधारमा प्राप्त भएका निवेदनलाई तोकिएको शर्त र बार्षिक औसत कारोबारको आधारमा मूल्याङ्कन गरी ती सेवाप्रदायक फर्मलाई सूचीकृत गरिएको जानकारी दिएको छ । ती सेवाप्रदायक संस्थालाई आयोगले निर्वाचन सामग्री आपूर्तिका लागि परिचालन गर्नेछ ।रासस

# प्रतिनिधिसभा निर्वाचनः सुदूरपश्चिममा सात हजारभन्दा बढी प्रहरी परिचालन हुने



महेन्द्रनगर । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा सुदूरपश्चिममा सात हजार ५८ जना नेपाल प्रहरी सुरक्षाका लागि परिचालन हुने भएका छन् । प्रदेश प्रहरी कार्यालयले निर्वाचनका लागि आवश्यक सुरक्षा योजनासहित यहाँका १६ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा सुरक्षाको तयारी गरिएको जनाएको छ ।

प्रदेश प्रहरी कार्यालय धनगढीका प्रहरी उपरीक्षक गौतम मिश्रले मतदानस्थललाई सुरक्षाका दृष्टिकोणले सामान्य, संवेदनशील र अतिसंवेदनशील गरी तीन भागमा वर्गीकरण गरेर आवश्यक सुरक्षा तयारी गरिएको जानकारी दिनुभयो । अतिसंवेदनशील मतदानस्थलमा प्रहरी र निर्वाचन प्रहरी बढी सङ्ख्यामा परिचालन गरिने उहाँले बताउनुभयो ।

प्रदेशका १६ निर्वाचन क्षेत्रमा एक हजार १७६ मतदानस्थल रहेकामा ३०० सामान्य, ३९५संवेदनशील र ४८१ मतदानस्थल अतिसंवेदनशीलमा रहेका प्रहरीले जनाएको छ ।

सुरक्षा योजनाअनुसरा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले आवश्यक सुरक्षा दिनुका साथै मतदानस्थलमा निर्वाचन प्रहरी पचािलन गरिनेछ । त्यसका लागि प्रदेशभर १३ हजार ६६९ निर्वाचन प्रहरी भर्ना लिने प्रक्रियामा छ । यहाँका नौ वटै जिल्लामा गरेर हाल १६ हजार १९३ महिला तथा पुरुषले निर्वाचन प्रहरीका लागि आवेदन दिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

कैलाली, कञ्चनपुर, दार्चुला र बाजुरामा आवश्यकताभन्दा बढी आवदेन परे पनि बाँकी पाँच जिल्लामा आवश्यकताभन्दा कम आवेदन परेको प्रहरीले जनाएको छ ।

यसैबीच प्रदेश निर्वाचन कार्यालय धनगढीले शुक्रबार १६ वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको जनाएको छ । कार्यालय प्रमुख प्रेमराज भट्टले यहाँ नौ वटा मुख्य निर्वाचन अधिकृत र सात वटा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको जानकारी दिनुभयो । सुदूरपश्चिमका नौ वटै जिल्लामा नयाँ थपिएकासमेत गरेर कुल १७ लाख १६ हजार ६६० मतदाता रहेका छन् ।रासस

# कांग्रेस उपसभापति शर्मा उम्मेदवार नबन्ने भएपछि नयाँ नाम सिफारिस



झापा । नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार नबन्ने घोषणा गरेपछि झापा निर्वाचन क्षेत्र नं १ मा नयाँ नाम सिफारिस गरिएको छ ।

शनिबार बसेको कांग्रेस क्षेत्र नं १, क्षेत्रीय समितिको बैठकले पाँच जनाको नाम केन्द्रीय समितिमा सिफारिस गरेको क्षेत्रीय सभापति इन्द्र बुढाथोकीले जानकारी दिनुभयो ।

सिफारिस हुनेमा अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का अध्यक्ष पंकजविक्रम नेम्वाङ, अधिवक्ता अशोककुमार पोखरेल, बिना तामाङ, गौतम मजुमदार र सुवेशकुमार पनेरू रहनुभएको छ । पार्टीका तत्कालीन महामन्त्री एवम् वर्तमान उपसभापति शर्मा विसं २०७९ को निर्वाचनमा यसै क्षेत्रबाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो ।

गत महिना पार्टी क्षेत्रीय समितिले उपसभापति शर्माको एकल नाम उम्मेदवारका रूपमा सिफारिस गरेको थियो । शर्माले यसपटक उम्मेदवार नबन्ने घोषणा गरेपछि पुनः नयाँ नाम सिफारिस गरिएको क्षेत्रीय सभापति बुढाथोकीले बताउनुभयो ।रासस

# झापाको पाँचै क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना




झापा । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापाको पाँच वटै क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ ।

झापा निर्वाचन क्षेत्र नं ३ को निर्वाचनसमेत हेर्नेगरी जिल्ला समन्वय समिति झापामा मुख्य निर्वाचन अधिकृतको कार्यालय शुक्रबार स्थापना गरिएको प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले बताउनुभयो ।

झापा जिल्लाका लागि मुख्य निर्वाचन अधिकृतको रूपमा जिल्ला अदालतका मुख्य न्यायाधीश उमेशप्रसाद लुइँटेल हुनुहुन्छ । जिल्लाका अरु चार वटा निर्वाचन क्षेत्रमा समेत निर्वाचन अधिकृतको कार्यालय शनिबार स्थापना भइसकेको छ ।क्षेत्र नं १ को निर्वाचन अधिकृतको कार्यालय मेचीनगर नगरपालिकाको कार्यालयमा स्थापना गरिएको छ । उक्त क्षेत्रमा गोपी विश्वकर्मा निर्वाचन अधिकृत र टेकबहादुर श्रेष्ठ सहायक निर्वाचन अधिकृत रहनुभएको छ ।

यसैगरी, अर्जुनधारा नगरपालिकाको कार्यालयमा क्षेत्र नं २ को निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । यस क्षेत्रमा निर्वाचन अधिकृतको रूपमा महेश खत्री र सहायक निर्वाचन अधिकृतको रूपमा शुक्रराज वान्तवा रहनुभएको छ ।

झापा निर्वाचन क्षेत्र नं ४ को निर्वाचन अधिकृतको कार्यालय कनकाई नगरपालिका-१ स्थित तुरसा हेमरम प्रतिष्ठानको कार्यालयमा राखिएको छ । सो क्षेत्रको निर्वाचन अधिकृत भिमप्रसाद भुर्तेल र सहायक निर्वाचन अधिकृत क्षेत्रनाथ शर्मा हुनुहुन्छ । निर्वाचन क्षेत्र नं ५ को निर्वाचन अधिकृतको कार्यालय दमक नगरपालिका-८ स्थित अर्ग्यानिक कृषि केन्द्रको भवनमा स्थापना गरिएको छ । यस क्षेत्रको निर्वाचन अधिकृत विदुरकुमार कार्की र सहायक निर्वाचन अधिकृत जीतबहादुर श्रेष्ठ रहनुभएको छ ।

मुख्य निर्वाचन अधिकृत लुइँटेलले निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न सबै राजनीतिक दलसहित सरोकारवालाको सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभएको छ । झापामा २८५ वटा मतदानस्थल र ८१५ वटा मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसी नेपालले बताउनुभयो ।

उहाँका अनुसार जिल्लामा सात लाख १३ हजार ५३७ मतदाता रहेका छन् । कूल मतदातामध्ये महिला तीन लाख ५५ हजार १८३, पुरुष तीन लाख ५८ हजार ३४६ र अन्य आठ जना रहेको उहाँको भनाइ छ ।

जिल्लामा विसं २०७९ को प्रतिनिधिसभा चुनावको तुलनामा यसपटक ४९ मतदान केन्द्र र ५० हजार २२६ जना मतदाता थप भएकोसमेत उहाँले जानकारी दिनुभयो ।रासस

# पार्टी छाडेकालाई कांग्रेसमा फर्कन आग्रह



काठमाण्डु । नेपाली कांग्रेसले विभिन्न कारणले पार्टीमा निष्क्रिय रहेका र पार्टी छाडेकालाई पुनः कांग्रेसमा फर्कन आग्रह गरेको छ ।

पार्टी सभापति गगन थापाको नेतृत्वमा शनिबार भएको केन्द्रीय कार्यसमिति बैठकले विभिन्न कारणले पार्टीबाट अलग भएकालाई पार्टीमा पुनः आबद्ध हुन आग्रह गरेको हो ।निर्वाचन आयोगले नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनका निर्णयलाई संविधान, कानुन र पार्टी विधानअनुसार मान्यता दिई अद्यावधिक गरेकामा आयोगप्रति बैठकले आभार व्यक्त गरेको छ ।

बैठकले एकता, सद्भाव र सहकार्यमा जोड दिँदै देशविदेशमा रहेका सबै कांग्रेसीमा नवीन ऊर्जाका साथ आगामी फागुन २१ को निर्वाचनमा सशक्त रूपमा सहभागी हुन आह्वान गरेको छ ।बैठकले पार्टीका निवर्तमान सभापति शेरबहादुर देउवालगायत पार्टीका अन्य नेताले कांग्रेसको नेतृत्वमा रही लामो समयदेखि पुऱ्याएको योगदानको उच्च कदर गर्दै धन्यवादज्ञापन गरेको छ । साथै बैठकले उहाँहरूबाट भविष्यमा पनि पार्टीका लागि अभिभावकीय भूमिका प्राप्त हुने विश्वास व्यक्त गरेको छ ।

पार्टी प्रवक्ता देवराज चालिसेका अनुसार बैठकले भविष्यमा कुनै दलसँग अप्राकृतिक गठबन्धन वा सत्ताकेन्द्रित सम्झौता नगर्ने निर्णय गरेको छ ।रासस

# पाल्पामा चुनावी चहलपहल

तानसेन । आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न जिल्लामा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय स्थापना भएसँगै यहाँ चुनावी चहलपहल सुरु भएको छ ।

यहाँका टोलटोलमा युवादेखि वृद्धसम्मले देशलाई विकासको पथमा अग्रसर गराउनसक्ने व्यक्तिलाई चयन गर्नुपर्नेमा जोड दिएका छन् । उनीहरूले युवा पुस्ता त्यसका निम्ति उपयुक्त भएका बताउँदै राजनीतिक दलहरूले पनि युवालाई प्राथमिकताका साथ उम्मेदवार बनाउनुपर्ने अभिमत जाहेर गरेका छन् ।

यही माघ ६ गते हुने उम्मेदवार मनोनयनको लागि आवश्यक कर्मचारीहरु काममा खटिसकेका छ । यहाँको क्षेत्र नं १ मा ९८ हजार ३८३ जना मतदाता छन् । जिल्लामा मतदानस्थल ५२ र ११७ मतदान केन्द्र कायम भएका छन् । क्षेत्र नं २ मा एक लाख नौ हजार ५३ जना मतदाता कायम रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । यहाँ ११८ मतदानस्थल र २५१ मतदान केन्द्र कायम भएका छन् ।रासस



# हस्तक्षेप गर्ने ट्रम्पको चेतावनीसँगै इरान यहाँ कसरी पुग्यो



बीबीसी

काठमाण्डु । आर्थिक उथलपुथलले चर्काएको र लामो समयदेखिको असन्तुष्टिले मलजल गरेको सरकारविरोधी प्रदर्शनले विगत दुई सातादेखि इरानलाई हल्लाइदिएको छाप्रदर्शनकारीहरू प्रत्येक प्रान्तका सहरहरूसम्म फैलिएका छन्। प्रदर्शनहरूमा सत्ताले गरेको दमनमा सयौँ मानिसहरू मारिएको अनुमान गरिएको छाअमेरिकाले इरानमा हस्तक्षेप गर्ने विचार गरिरहेको चेतावनी अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले दिएसँगै इरान यहाँसम्म कसरी पुग्यो भनेर हामीले पछाडि फर्केर हेरेका छौँ।

**सन् १९५३ : मोसाडेक अपदस्त**

प्रजातान्त्रिक तवरबाट इरानको निर्वाचित प्रधानमन्त्री मोहम्मद मोसाडेकलाई सत्ताच्युत गर्न अमेरिका र ब्रिटेनका गुप्तचर निकायले 'कू' गर्ने योजना बनाए।धर्मनिरपेक्ष नेता दुई वर्षअघि मात्र इरानको विशाल तेल भण्डारलाई राष्ट्रियकरण गर्ने वाचा गरी सत्तामा पुगेका थिए।तर त्यसले स्पष्ट कम्युनिस्ट खतरासहित युद्धपछिको अर्थतन्त्र इरानी तेलको पहुँचमा धेरै निर्भर रहेका ती दुई पश्चिमा सरकारहरूलाई चिन्तित तुल्यायो। निर्वासित राजा शाह मोहम्मद रेजा पह्लवी फर्किए र देशलाई नियन्त्रणमा लिए।सन् १९६० को दशकको उत्तरार्द्धमा विपक्षी आन्दोलनहरूलाई नियन्त्रणमा लिन उनी बढ्दो रूपमा 'गुप्तचर प्रहरी' (सीक्रट पुलीस)माथि निर्भर हुन थाले।उनका नीतिहरूले धर्मगुरुहरूलाई असन्तुष्ट बनाए र उनको अधिनायकवादी शासनले दङ्गा, हड्ताल र सामूहिक प्रदर्शनहरू निम्त्यायो। अन्ततः 'मार्शल ल' लागु भयो।

**सन् १९७९ : इरानी क्रान्ति**

आफ्नो शासनविरुद्ध धर्मनिरपेक्ष र धार्मिक विपक्षीहरूले महिनौँसम्म गरेको प्रदर्शन र हडतालपछि अमेरिका-समर्थित शाहले ज्यानुअरी १६ तारिखमा देश छोडे । त्यसको दुई हप्तापछि इस्लामिक धर्मगुरु आयातोल्लाह खमेनी निर्वासनबाट फर्किए। जनमत सङ्ग्रहपछि, एप्रिल १ तारिखमा इरानलाई इस्लामिक गणतन्त्र घोषणा गरियो।

**सन् १९७९-८१ : अमेरिकी राजदूतावास बन्धक सङ्कट**

प्रदर्शनकारीहरूले १९७९ को नोभेम्बरमा तेहरानस्थित अमेरिकी दूतावास कब्जामा लिए। अमेरिकी बन्धकहरूलाई ४४४ दिनसम्म दूतावासभित्रै राखियो । बाँकी रहेका ५२ बन्धकहरू जनवरी १९८१ मा मुक्त गरिए। दूतावासबाट भागेका अन्य छ जना अमेरिकीलाई फिल्म निर्माताको भेषमा एउटा टोलीले इरानबाट निकालेर लग्यो । त्यो प्रकरण सन् २०१२ को ओस्कर विजेता फिल्म 'अर्गो'मा प्रस्तुत गरिएको छ।

**सन् १९८०-८८ : इरान-इराक युद्ध आरम्भ**

भूभाग र साम्प्रदायिक प्रतिद्वन्द्विताबारे इरान र इराकबीच लामो समयदेखि चलिरहेको विवाद युद्धमा परिणत भयो । यो द्वन्द्व निकै छिटो गतिरोधमा परिणत भयो, रासायनिक हतियारसहित मोर्चाबन्दी गरेरै लडाइँ भयो। अनि सहरहरूमा हवाई आक्रमण गरियो।एउटा बिन्दुमा, त्यसको बिस्तार हुँदै खाडीमा तेल ट्याङ्करहरूमा आक्रमण भयो। त्यसले गर्दा अमेरिका र अन्य देशहरूले सुरक्षाका लागि पानीजहाजहरू तैनाथ भए । आधिकारिक नीतिअनुसार तटस्थ भनिए पनि अमेरिकाले इराकसँग गोप्य कुराकानी सुरु गर्दै आर्थिक सहयोग, हतियार र गुप्तचरी सूचना दियो। यो द्वन्द्व आठ वर्षसम्म चलेको थियो र पाँच लाखभन्दा धेरै मानिस मारिएका थिए।

**सन् १९८५-८६ : इरान-कन्ट्रा काण्ड**

लेबननमा हिज्बुल्लाहका लडाकुहरूले बन्धक बनाएका अमेरिकी बन्धकहरूलाई मुक्त गराउन तेहरानले गरेको सहयोगको बदलामा अमेरिकाले गोप्य रूपमा इरानलाई हतियार पठाएको दाबी गरिन्छ । त्यसबाट प्राप्त मुनाफा निकारागुआस्थित अमेरिका समर्थित विद्रोहीहरूलाई अवैध रूपमा पुऱ्याइएको बताइन्छ ।

**सन् १९८८ : इरानको यात्रुवाहक विमान खसालियो**

अमेरिकी युद्धपोत यूएसएस भिन्सेन्सले जुलाई ३ तारिखमा खाडीमा इरान एअरको विमान खसालिदियो। विमानमा सवार २९० जनाको मृत्यु भयो । अमेरिकाले एअरबस ए-३०० जहाजलाई भुलवश लडाकु विमान ठानेको बतायो। मृत्यु हुने अधिकांश पीडितहरू मक्का जाँदै गरेका इरानी तीर्थयात्री थिए।

**सन् २००२ : 'एक्सिस अफ ईभल'**

अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यू बुशले आफ्नो 'स्टेट अफ द यूनियन' सम्बोधनमा इराक र उत्तर कोरियासँगको "एक्सिस अफ ईभल" को भन्दै इरानको निन्दा गरे। त्यो भाषणले इरानमा आक्रोश निम्त्यायो।

> इराकमा ज्यानुअरी ३ तारिखमा भएको अमेरिकी ड्रोन आक्रमणमा इरानका वरिष्ठ सैन्य कमान्डर जनरल कासिम सुलेमानी मारिए।

**सन् २००० को दशक : पारमाणविक त्रास र प्रतिबन्धहरू**

सन् २००२ मा एउटा इरानी विपक्षी समूहले इरानले युरेनिअम विकास कारखानासहित पारमाणविक अस्त्र विकास गरिरहेको खुलासा गरेको थियो ।अमेरिकाले इरानमाथि गोप्य रूपमा परमाणु हतियार कार्यक्रम सञ्चालन गरेको आरोप लगायो। इरानले त्यसको खण्डन गऱ्यो। एक दशकसम्म कूटनीतिक गतिविधि र संयुक्त राष्ट्रसङ्घको परमाणु निगरानी संस्थासँग इरानको सम्पर्क समयसमयमा जारी रह्यो । तर संयुक्त राष्ट्रसङ्घ, अमेरिका र युरोपेली सङ्घले कट्टरपन्थी राष्ट्रपति महमुद अहमदिनेजादको सरकारविरुद्ध कैयौँ चरणको प्रतिबन्ध लगाए ।त्यसका कारण इरानको मुद्राको मूल्य दुई वर्षमा दुईतिहाइ कम भयो।

**सन् २०१३-२०१६ : वार्ता र परमाणु सम्झौता**

इरानका नरमपन्थी नयाँ राष्ट्रपति हसन रुहानीले पदभार सम्हालेको एक महिनापछि सेप्टेम्बर २०१३ मा उनी र अमेरिकी राष्ट्रपति बराक ओबामाबीच फोनमा कुराकानी भयो। त्यो ३० वर्षभन्दा बढी समयपछि पहिलो पटक शीर्षस्थ तहमा भएको वार्ता थियो।

त्यसपछि सन् २०१५ मा कूटनीतिक सक्रियतापछि इरानले अमेरिका, ब्रिटेन, फ्रान्स, चीन, रुस र जर्मनीसहितको राष्ट्रसङ्घीय सुरक्षा परिषद्का पाँच स्थायी समिति सदस्य र थप एक देशको समूहसँग आफ्नो परमाणु कार्यक्रमसम्बन्धी दीर्घकालीन सम्झौता गर्न सहमति जनायो। सम्झौताअनुसार इरान आफ्नो संवेदनशील परमाणु गतिविधि सीमित गर्न र गम्भीर आर्थिक प्रतिबन्ध फुकुवाको बदलामा अन्तर्राष्ट्रिय निरीक्षकहरूलाई अनुमति दिन सहमत भयो।

**सन् २०१९ : खाडीमा तनाव**

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प सन् २०१८ को मे महिनामा परमाणु सम्झौताबाट बाहिरिए अनि इरानविरुद्ध पुनः आर्थिक प्रतिबन्ध लगाउँदै इरानको तेल खरिद गर्ने देश र कम्पनीलाई पनि त्यस्तै गर्ने धम्की दिए।

**इरानको अर्थतन्त्र गम्भीर मन्दीमा फस्न पुग्यो।**

अमेरिकाले सन् २०१९ को मे महिनामा इरानको तेल निर्यातलक्षित प्रतिबन्धमा कडाइ गरेपछि अमेरिका र इरानबीचको सम्बन्ध थप बिग्रियो। त्यसको जबाफमा इरानले दबावप्रतिरोधी अभियान सुरु गऱ्यो। सन् २०१९ को मे र जुनमा ओमानको खाडी क्षेत्रमा छ वटा तेल ट्याङ्करमा विस्फोट भयो। अमेरिकाले त्यसको आरोप इरानमाथि लगायो । इरानी फौजले जुन २० तारिखमा स्ट्रेट अफ हर्मुजमा अमेरिकी सैन्य ड्रोन खसाल्यो ।त्यसबखत अमेरिकाले अन्तर ष्ट्रिय जलक्षेत्रमा आक्रमण भएको बताउँदा इरानले त्यो आफ्नो भूभागमाथि रहेको दाबी गऱ्यो। इरानले जुलाईमा परमाणु सम्झौताका प्रमुख प्रतिबद्धताहरू फिर्ता लिन थाल्यो।

**सन् २०२० : कासिम सुलेमानीको हत्या**

इराकमा ज्यानुअरी ३ तारिखमा भएको अमेरिकी ड्रोन आक्रमणमा इरानका वरिष्ठ सैन्य कमान्डर जनरल कासिम सुलेमानी मारिए। उनको मृत्युको कठोर बदला लिने प्रतिबद्धता प्रकट गर्दै इरान सन् २०१५ को परमाणु सम्झौताबाट पछि हट्यो।

**सन् २०२१-२०२२ : परमाणु वार्ता**

अमेरिकी राष्ट्रपति जो बाइडनले तेहरान परमाणु सम्झौताको कडा पालना गर्न तयार भएमा आफू फेरि सम्झौतामा सहभागी हुने र प्रतिबन्ध फुकुवा गर्ने बताए। तर सन् २०२१ मा कट्टरपन्थी धर्मगुरु इब्राहिम राइसी इरानको नयाँ राष्ट्रपतिमा निर्वाचित हुँदा र युक्रेनमा रुसको आक्रमणको प्रयासले वार्ता अवरुद्ध हुन पुग्यो।

**सन् २०२२ : महसा अमिनीको मृत्युपछिको विद्रोह**

नियमसङ्गत ढङ्गले हिजाब नलगाएको आरोपमा आचार तथा व्यवहार निगरानी गर्ने इरानी प्रहरीद्वारा गिरफ्तार २२ वर्षे कुर्दिश महिला महसा अमिनीको हिरासतमा भएको मृत्युले देशभरि विरोध प्रदर्शन निम्त्यायो। उक्त प्रदर्शनमा महिलाप्रति व्यापक सम्मानको माग भयो । त्यो इरानी सत्ता इतिहासको पहिलो ठूलो विरोध प्रदर्शन थिएन। सन् २००९ को कथित "हरित आन्दोलन" धाँधली भएको भनिएको चुनावविरुद्ध मध्यमवर्गको विरोध थियो। त्यस्तै सन् २०१७ र २०१९ मा कमजोर वा गरिबबहुल इलाकामा अन्य ठूला प्रदर्शनहरू भएका थिए। तर पछिल्लो जनआक्रोश पहिले कुनै पनि शासनले देखेको भन्दा भिन्न छ । त्यसपछिको क्रूर दमनमा सयौँ प्रदर्शनकारीहरू मारिए। हजारौँलाई गिरफ्तार गरियो।

**सन् २०२३ : इरानी बन्दी साटासाट र हमासद्वारा इजरेलमा आक्रमण**

सेप्टेम्बरमा, इरानमा जेलमा रहेका पाँचजना अमेरिकी नागरिकहरूलाई ६ अर्ब डलरको सम्झौताको एक भागका रूपमा रिहा गरियो । त्यसअनुसार अमेरिकी हिरासतमा रहेका पाँच इरानी ागरिकहरूलाई फिर्ता गरियो र दक्षिण कोरियामा निष्क्रिय तुल्याइएको इरानी कोष फुकुवा भयो। इरानले वर्षौंदेखि समर्थन गर्दै आएको हमासले अर्को महिना इजरेलमाथि आक्रमण गऱ्यो, जसमा १,२०० बढी मानिसहरूको मृत्यु भयो र २५१ जनालाई बन्धक बनाइयो।

**सन् २०२४ : इजरेल र इरानबीच प्रत्यक्ष द्वन्द्व**

इरानले सिरियाको राजधानी दमास्कसमा रहेको आफ्नो वाणिज्य दूतावास भवनमा आक्रमण गरी जेनरलहरूको हत्या गरेको आरोप इजरेलमाथि लगायो र पहिलो पटक आफ्नो भूमिबाट इजरेलविरुद्ध सीधा आक्रमण सुरु गऱ्यो । अमेरिका र पश्चिमा शक्तिहरूले अधिकांश क्षेप्यास्त्रहरू खसाल्न इजरेललाई सहयोग गरे। इजरेलले इरान समर्थित हमास र हिज्बुल्लाह समूहका नेताहरूको हत्या गर्नुका साथै क्षेप्यास्त्र प्रणालीलाई निसाना बनाउँदै इरानभित्र आक्रमण गऱ्यो।

**जुन २०२५ : इरान-इजरेल युद्ध**

इजरेलले इरानी सैन्य र परमाणु केन्द्रहरूमा व्यापक आक्रमण गर्दै शीर्षस्थ कमान्डर र वैज्ञानिकहरू मारिदियो। इरानले जबाफमा इजरेली लक्ष्यहरूमा क्षेप्यास्त्र र ड्रोन आक्रमण गऱ्यो । अमेरिकाले इरानको परमाणु कार्यक्रमलाई असक्षम पार्ने उद्देश्यका साथ इरानका तीनवटा परमाणु इलाका हवाई आक्रमण गऱ्यो तर १२ दिन लामो द्वन्द्वपछि युद्धविरामको सहमति भयो।

**डिसेम्बर २०२५ : सत्तालाई चुनौती दिएको विरोध प्रदर्शनमा घातक दमन**

बिग्रँदो अर्थतन्त्रलाई लिएर राजधानी तेहरानमा प्रदर्शनहरू सुरु भए । ती प्रदर्शनहरू द्रुत गतिमा सबै ३१ वटा प्रान्तका सहरहरूमा विस्तार भए । इस्लामिक गणतन्त्र र सर्वोच्च नेता आयतोल्लाह अली खामेनेईको शासन अन्त्यको माग गर्दै भएको प्रदर्शनमा सरकारी दमन भइरहेको छ। हालसम्म १०,००० भन्दा धेरै मानिसहरू पक्राउ परेका छन् र सयौँ प्रदर्शनकारीहरू मारिएका छन्।

# के महिला क्रिकेट टोलीले पनि इतिहास रच्न सक्ला?




बीबीसी

काठमाण्डु । नेपाली पुरुष क्रिकेट टोली अर्को महिना हुने टी-२० विश्वकप खेल्ने तयारीमा व्यस्त रहेका बेला महिला टोली पनि काठमाण्डूमा भोलि आइतवारबाट सुरु हुने टी २० विश्वकपको ग्लोबल क्वालिफायरमा प्रतिस्पर्धा गर्न उत्रँदै छापुरुष टोलीले ३ पटक विश्वकप खेल्दै गर्दा के महिला टोलीले पनि त्यस्तै इतिहास रच्न सक्ला? क्रिकेट प्रेमीको चासो यही विषयमा देखिन्छ। दश राष्ट्रबीचको प्रतिस्पर्धाबाट शीर्ष चारमा परेर पहिलो पटक विश्वकप खेल्ने नेपाली महिला टोलीको चाहना पूरा हुन कडा मेहनत गर्नुपर्ने बताइन्छ।

प्रतिस्पर्धी टोलीहरूको तुलनामा नेपाल ग्लोबल छनोटको बलियो टोली बनि नसकेको कतिपयको आकलन छ, तर विपक्षीहरूलाई छक्क्याउँदै अप्रत्याशित नतिजा निकाल्न तयार रहेको टोलीका रूपमा नेपाललाई हेरिएको छ। कप्तान इन्दु वर्मा भन्छिन्, "हामी प्रतिद्वन्द्वीको स्तरमा भन्दा पनि प्रत्येक दिनको खेलमा मात्र केन्द्रित हुने छौँ।" समूह 'बी' मा रहेको नेपालले भोलि आइतवार थाइल्यान्डसँगको खेलबाट ग्लोबल क्वालिफायरको सुरुआत गर्दै छ।

थाइल्यान्ड एसिया छनोटको च्याम्पिअन टोली हो। विश्व वरीयतामा १२ औँ स्थानमा रहेको थाइल्यान्डसँग नेपालले विगतमा ७ पटक प्रतिस्पर्धा गरिसक्यो। तर सबै खेलमा पराजित हुन पुग्यो।त्यसपछि १४ औँ वरीयताको नेदरल्यान्ड्ससँग नेपालले विगतमा खेलेको ३ वटै खेलमा पराजय भोग्नु परेको थियो। महिला टोलीले ११ औँ वरीयताको स्कटल्यान्ड र १५ औँ वरीयताको जिम्बाब्वेसँग भने पहिलो पटक खेल्दै छ।

वरीयताको आधारमा हेर्दा नेपालको लागि पहिलो खेलदेखि नै कडा चुनौतीको सामना गर्नुपर्ने छ । विश्वकपको चुनौती सामना गर्न नेपाल क्रिकेट सङ्घले तयारीमा भने कमी गरेको नदेखिएको जानकारहरू बताउँछन्। विदेशी प्रशिक्षकका रूपमा हर्षल जयन्त पाठकलाई नियुक्ति गरेर एक महिना अगाडिदेखि तयारी थालेको नेपाली टोलीमा वयस्क र युवा खेलाडीहरूको सम्मिश्रण छाप्रशिक्षक हर्षलले नेपाली टोलीको प्रमुख कमजोरीको रूपमा रहेको 'फिटनेस र फिल्डिङ' पक्षमा विशेष जोड दिएको देखिएको छाटोलीले भारतमा गएर विशेष प्रशिक्षण र अभ्यास खेल पनि खेलेर फर्कियो।

पूर्व कप्तान रुविना क्षेत्री भन्छिन्, "कमजोरीहरू सुधारिएको छ। बलियो क्रिकेट खेल्दै नयाँ इतिहास रच्ने मौकालाई हामीले सदुपयोग गर्न भरपुर प्रयास गर्ने छौँ। " वास्तवमा घरेलु मैदान र दर्शक नै महिला टोलीको मनोबल बढाउने प्रमुख हतियार हुने ठानिएको छाजनवरी १८ देखि फेब्रुअरी १ तारिखसम्म हुने खेलमा १९ खेल कीर्तिपुर रङ्गशाला र १३ खेल माथिल्लो मूलपानी मैदानमा हुने छानेपालको लीग चरणको सबै खेल कीर्तिपुरमा राखिएको छ।

पूर्व कप्तान रुविना भन्छिन्, "होम ग्राउन्ड र घरेलु दर्शकले हामीलाई ऊर्जा थप्ने छन् भन्ने विश्वास छ। दर्शक सामु राम्रो खेल्ने प्रेरणा पनि मिल्ने छ।"नेपाल क्रिकेट सङ्घले ग्लोबल छनोटमा नेपाली खेलाडीलाई साथ दिन दर्शकहरू कीर्तिपुर पुग्ने आशा व्यक्त गरेको छाकप्तान इन्दु भन्छिन्, "यो ठाउँसम्म पुग्न हामीले वर्षौँ वर्ष लगायौँ। अब अन्तिम ढोका खोल्न हामीलाई 'गर या मर' को स्थिति हो। आशा गरौँ हामीले सकारात्मक नतिजा दिने छौँ।" नेपालको खेल तालिका (सबै खेल कीर्तिपुर रङ्गशाला)

*जनवरी १८ः नेपाल - थाइल्यान्ड बिहान ९ बजे*
*जनवरी २२ः नेपाल - नेदरल्यान्ड्स बिहान ९ बजे*
*जनवरी २४ः नेपाल - जिम्बाब्वे दिउसो १ बजे*
*जनवरी २६ः नेपाल - स्कटल्यान्ड बिहान ९ बजे*

# गुलशनलाई एस जिको एकवर्षे प्रायोजन

कीर्तिपुर । क्रिकेट सामग्री उत्पादनमा प्रख्यात भारतीय कम्पनी एस जीले नेपाली अलराउन्डर क्रिकेट खेलाडी गुलशन झालाई एक वर्षका लागि सम्पूर्ण क्रिकेट सामग्री उपलब्ध गराउने भएको छ।

राजधानीलगायत देशका विभिन्न भागमा क्रिकेट सामग्री बिक्री वितरण गर्दै आएको हिमालयन विल्लोको सहजीकरणमा यो प्रायोजन भएको हो। विल्लोले शुक्रबार राजधानीमा पत्रकार सम्मेलन गरी सो जानकारी दिएको हो।

कार्यक्रममा हिमालयन विल्लोका प्रमुख कार्यकारी अधिकृत प्रदीप यादवले क्रिकेटर झाका लागि एक वर्ष भर आवश्यक हुने छ वटा क्रिकेट ब्याट, १० वटा पन्जासहित सम्पूर्ण सामग्रीहरू निःशुल्क उपलब्ध गराउने जानकारी दिनुभयो । विश्वभर चिनिएको उत्पादक संस्थाले नेपाली क्रिकेटलाई प्रायोजन गरेको यो पहिलो पटक हो।




कार्यक्रममा क्रिकेटर झाले एसजिका सामग्री लिएर क्रिकेट खेल्नु आफ्नो बाल्यकालदेखिकै सपना भएको बताउनुभयो । प्रमुख कार्यकारी अधिकृत यादवले छिट्टै एक जना महिला क्रिकेटरलाई पनि यसै प्रकारको प्रायोजनका लागि संस्थाले पहल गरिरहेको जानकारी दिनुभयो ।रासस

# ग्रीनल्यान्ड लिने विषयमा विरोध गर्ने देशहरूमाथि नयाँ कर लगाउने ट्रम्पको धम्की


बीबीसी

काठमाण्डु । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले ग्रीनल्यान्ड गाभ्ने आफ्नो उद्देश्यसँग नमिल्ने देशहरूमाथि कर लगाउने धम्की दिएका छन्।ह्वाइट हाउस बैठकमा ट्रम्पले "ग्रीनल्यान्डबारे आफ्नो उद्देश्यमा मत नमिलाउने देशहरूमाथि कर लाग्नसक्ने" बताएका हुन्। ग्रीनल्यान्ड नेटो सदस्य डेन्मार्कको अर्धस्वायत्त क्षेत्र हो।उनले कुनकुन देशमाथि नयाँ कर लाग्न सक्छ भन्ने खुलाएनन्। आफ्नो लक्ष्य पछ्याउन यस्तो करहरू लगाउन कुन अधिकार प्रयोग गर्नेछन् भनेर पनि उनले बताएका छैनन्।

उनको योजनाको डेनमार्क र ग्रील्यान्डसँगै अन्य देशहरूले पनि विरोध गरेका छन्। अमेरिकाभित्रै पनि उक्त भूभाग अधिग्रहण गर्ने विषयमा कतिपयले निन्दा गरेका छन्। ट्रम्पले आफ्नो योजना बताइरहँदा संसद्को एउटा प्रतिनिधि टोली उक्त क्षेत्रप्रति समर्थन देखाउन ग्रीनल्यान्ड पुगेको थियो। कुल ११ सदस्यीय उक्त समूहमा रिपब्लिकनहरू पनि रहेका थिए। उनीहरूले ट्रम्पले राष्ट्रिय सुरक्षाको कारण देखाउँदै ग्रीनल्यान्ड लिने विषयमा राखेको धारणाबारे चिन्ता व्यक्त गरेका छन्। उनीहरूले सांसदहरूका साथै डेनमार्क र ग्रीनल्यान्डका प्रधानमन्त्रीहरूलाई पनि भेटेका थिए। उक्त समूहका नेता तथा एक जना डेमोक्र्याट क्रिश कून्सले भ्रमण त्यहाँका स्थानीय मानिसहरूलाई सुन्न र "माहौल ठन्डा बनाउन" उनीहरूको धारणा वाशिङ्टन पुऱ्याउन चाहेको बताएका छन्।

ग्रीनल्यान्डकी एक सांसद अजा खेम्नित्सले अमेरिकी सांसदहरूसँगको भेटले आफूलाई "आशावादी" बनाएको बताएकी छन्।"हामीलाई साथीहरू चाहिएको छ। हामीलाई सहयोगीहरू चाहिन्छ," बीबीसीसँग बोल्दै उनले भनिन्। ट्रम्पले अमेरिकाको सुरक्षाका लागि ग्रीनल्यान्ड महत्त्वपूर्ण भएको भन्दै वाशिङ्टनले यसलाई "सहज बाटो" वा "कठिन बाटो" अपनाउँदै किन्ने वा बल प्रयोग गरेर लिने बताएका छन्।"ग्रीनल्यान्ड अमेरिकी सुरक्षाका लागि हामी चाहिएको हो र यसमा साथ नदिनेलाई मैले कर लगाउन सक्छु," शुक्रवार ह्वाइट हाउसमा भएको बैठकमा ट्रम्पले भने।ग्रीनल्यान्डको जनसङ्ख्या एकदमै थोरै छ र यो उत्तर अमेरिका र आर्कटिकको बीचमा पर्छ र यो क्षेप्यास्त्र हमलाको अवस्थामा पूर्व चेतावनी प्रणालीको लागि र पानीजहाजको निगरानीका लागि राम्रो स्थान हो।

अमेरिकाले यसअघि नै त्यहाँको उत्तर पश्चिम छेउमा पर्ने पिटुफिक क्षेत्रमा १०० भन्दा बढी सैनिकहरूलाई




स्थायी रूपमा राखेको छ। उक्त क्षेत्र क्षेप्यास्त्र अनुगमन केन्द्रका रूपमा रहेको छ र त्यो दोस्रो विश्वयुद्धयता सञ्चालनमा आएको हो।डेनमार्कसँगको विद्यमान सम्झौता अनुसार अमेरिकाले उसले चाहे जति सैनिकहरू त्यहाँ लैजान सक्ने अधिकार रहेको राख्छ।

तर ट्रम्पले रुस वा चीनको सम्भावित आक्रमणविरुद्ध आफ्नो प्रतिरक्षा गर्न अमेरिकाले आफ्नो "स्वामित्व"मा लिनुपर्ने बताउँदै आएका छन्। डेनमार्कले सैन्य कारबाहीले उत्तर एट्लान्टिक सन्धि सङ्गठनको अन्त्य हुने चेतावनी दिएको छ। नेटोमा सबैभन्दा प्रभावशाली साझेदार भनेको अमेरिका नै हो।नेटोले बाहिरबाट हुने आक्रमणमा साझेदारहरूले एक अर्कालाई सहयोग गर्नुपर्ने उसको सिद्धान्त रहेको छ। नेटोले कहिल्यै पनि आफ्नो कुनै एक सदस्यविरुद्ध अर्कोले बल प्रयोग गर्ने अवस्थाको सामना गरेको छैन।

युरोपेली साझेदारहरूले डेनमार्कको समर्थनमा आफ्नो मत दिएका छन्।उनीहरूले आर्कटिक क्षेत्र आफ्ना लागि उत्तिकै महत्त्वपूर्ण रहेको र त्यसको सुरक्षा अमेरिकासहित नेटोको संयुक्त जिम्मेवारी हुनुपर्ने बताएको छाफ्रान्स, जर्मनी, स्विडेन, नर्वे, फिनल्यान्ड, नेदरल्यान्डस् र यूकले आफ्ना सैनिकको सानो समूह ग्रीनल्यान्ड पठाएका छन्।फ्रान्सका राष्ट्रपति एम्यानुअल माक्रोँले चाँडै नै "जमिन, हवाई , र समुद्री सम्पत्ति" त्यहाँ पठाउने बताएका छन्।

# पुख्यौली नृत्य पुस्तान्तरणका लागि प्रतियोगिता



म्याग्दी । मगर समुदायको मौलिक लोक संस्कृति पुख्यौली नृत्यको पुस्तान्तरणका लागि मालिका गाउँपालिका-६ दरवाङमा प्रतियोगिता सम्पन्न भएको छ ।

नेपाल मगर संघ मालिका गाउँपालिकाले माघे सङ्क्रान्ति पर्वको अवसरमा शुक्रबार आयोजना गरेको प्रतियोगितामा नौ समूहले सहभागिता जनाएका थिए । प्रतियोगितामा बिम तल्लो गाउँ पहिलो, पन्थोक राजदाङ दोस्रो र चिउरीबोट तेस्रो भएको नेपाल मगर संघ मालिकाका अध्यक्ष ओमकार रोकाले जानकारी दिनुभयो ।

उहाँका अनुसार पहिलो, दोस्रो र तेस्रो हुने कलाकार समूहलाई क्रमश रु. ३० हजार, २० हजार र १५ हजार नगद पुरस्कार प्रदान गरिएको छ । मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा, वडा अध्यक्षहरु पथबहादुर रोका, उदयबहादुर रोका लगायतले पुरस्कार वितरण गर्नुभएको थियो ।

"मगर समुदायको जन्म, मृत्यु, बिवाह, छेवारमा अनिवार्य प्रस्तुत गर्नुपर्ने पुरख्यौली नाच संरक्षण र नयाँ पुस्तामा सिप हस्तान्तरण गर्ने उद्देश्यले मालिकामा पहिलो पटक प्रतियोगिता आयोजना गरिएको हो," उहाँले भन्नुभयो "अग्रज र नयाँ पुस्ताका कलाकार सँगै पुरख्यौली प्रतियोगितामा सहभागी भएर पुस्तान्तरणको वातावरण बनेको छ ।"

पुरख्यौलीमा माया प्रेम, प्रकृति र सामाजिक घटनाहरुलाई सोरठी, यानीमाया, खेली, ठाडो खेली, दरखेली, भालै भाका, चुड्के खेली, लस्के खेलीको भाकामा गित गाउने गरिन्छ । गित मार्फत प्रकृति र देवी देवताको सम्मान गर्दा सरस्वती जागेर शरिर काम्ने यो नाचको अनौठो विशेषता रहेको मालिका गाउँपालिका-२ रुमका कलाकार तविलाल पुनले बताउनुभयो ।

"पुरख्यौली गित, नृत्यले देवी देवताहरुको सम्मान गर्छ," उहाँले भन्नुभयो "लोककथाका विषयलाई गित र नृत्यका माध्यमबाट प्रस्तुत गर्नुनै पुरख्यौलीको प्रमुख विषेशता हो ।" दुःख पर्दाको समयमा सान्त्वना दिन सोरठी भाकामा गाउने चलन छ । गीतको भाका र नाच्नेहरुबीच मादलको ताल मिल्नुपर्छ । पुरख्यौली सात रात सात दिनसम्म पनि गाएर/ नाचेर नसकिने मान्यता छ ।

पुरख्यौली नाच देखाउँदा महिलाले सोरठी भाका गाउने गर्छन् । पुरुषहरु कोही कोही महिलाले लगाउने चोली, गुन्यू, पटुका, घल्याङ, पछ्यौरा, माला, हातमा रैयाले सिङ्गारिएर मारुनी बन्छन् भने सोही अनुपातमा शिरमा फेटा-टोपी, भोटो, खादी भांङ्रा र कम्मरमा मादल भिरेर कोही मादले बनेर (मादले मारुनी) नाच देखाउँछन् ।

विशेष गरी यो नाच शुरु गर्नु पूर्व सरस्वती जगाउने गरिन्छ । मादलको तालअनुसार देखाइने यो नाचमा सरस्वती जगाउँदा चोखो शरीर भएकाहरु एक्कासी काम्ने गर्छन् । वैदेशिक रोजगारीका कारण युवा र पुरानो पुस्ताबीचमा संस्कृति हस्तान्तरणमा खाडल देखिएपछि तालीम, सहजीकरण लगायतका माध्यमबाट संस्कृति संरक्षणमा पहल गरेको मालिका गाउँपालिका-७ बिम तल्लोगाउँका बुद्धीबहादुर जुग्जालीले बताउनुभयो ।

"केही वर्ष अघिसम्म बूढापाकाहरु मात्रै नाच्न र गाउन सक्ने भए पनि पछिल्लो समय युवा जमातसमेत नाचमा सहभागी हुन थालेका छौ," उहाँले भन्नुभयो "अघिल्लो पुस्ताले हामीलाई सिकाउनुभयो, हामीले पछिल्लो पुस्तालाई पुरख्यौली संस्कृतिको ज्ञान, सिप र मौलिकता हस्तात्रण गरेर लोप हुन दिदैनौ ।"रासस

# भरतपुरको मुहार फेरेर बिदा लिँदै मेयर 'रेनु दाहाल'



चितवन । नौ वर्षअघि भरतपुर महानगरपालिकाको प्रमुखमा निर्वाचन लड्न आउँदै गर्दा रेनु दाहाललाई धेरैले 'प्रचण्डकी छोरी' भनेर चिने । नौ वर्ष भरतपुरको मुहार फेरेर बिदा हुँनै लाग्दा उहाँलाई भरतपुरवासीले मात्रै होइन सिङ्गो देशवासीले विकासको पर्याय भनेर चिन्ने अवस्थामा पुऱ्यायो ।

यो अवस्था आउनुमा दाहालले खेलेको भूमिका भरतपुरवासीका लागि चिरस्मरणीय रहने छ । त्यसो त साँघुरो राजमार्ग, खाल्डाखुल्डी सहितका धुलाम्य सडकहरू, जीर्ण विद्यालय भवनजस्ता समस्यै समस्याले जेलिएको भरतपुरलाई अहिलेको अवस्थामा पुऱ्याउनुमा उहाँले रात दिन नभनी खेलेको भूमिका भरतपुरवासीले कहिल्यै भुल्ने छैनन् ।

फराकिला र चिल्ला सडकमा रातिको समयमा पनि झलमल्लको उज्यालो छर्दै शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन जस्ता क्षेत्रमा गरेको सुधार उहाँलाई भरतपुरले बिर्सन नसक्ने बनाउने कामहरू हुन् । वर्षातको समयमा रातमा निदाउँन नपाउने नारायणी तटीय क्षेत्रका बासिन्दा लाग्छ वर्षायामको रातमा पनि रेनुलाई सपनामा देख्दै निदाउने समय आएको छ ।

झण्डै नौ वर्ष अघि विसं २०७४ मा भरतपुर आउँदाको स्मरण गर्दै दाहालले भन्नुभयो, "वैशाख ३० गते देशका ७५३ स्थानीय तहमा पहिलोपटक निर्वाचन हुँदै थियो । भरतपुर महानगरको नगर प्रमुख पदमा मैले उम्मेदवार दिएर निर्वाचन प्रसारप्रसार गर्न जाँदाका दिनहरूको स्मरण अझै पनि ताजै छन् ।" उहाँले भावुक हुँदै भन्नुभयो, "वैशाखको उखरमाउलो गर्मीमा पश्चिम चितवन सुक्खा थियो, मकैंका बिरुवाहरू सुक्न थालेका थिए । नजिकै नारायणी बगिरहेको छ, बर्खामा मात्रै पानी आउने नहर त थियो, तर हिउँद र गर्मीमा सधैँ सुक्खा ।"

आफूले भरतपुरको विकासको लागि आफ्नो जीवनको महत्त्वपूर्ण एक दशक समय खर्चिए भन्दै उहाँले अगाडि थप्नुभयो, "मेरा आफ्ना निजी चाहाना र विषयहरूलाई पन्छाएको छु । हर समय, अविरल, अनवरत र निरन्तर भरतपुर कै विकास र यहाँका जनताको सुखदुःखमा आफूलाई एकाकार बनाएको छु ।" त्यसको अनुभूति भरतपुरवासीले पक्कै गर्नुभएको छ भन्ने विश्वास आफूले लिएको उहाँले बताउनुभयो ।

आफूलाई भरतपुरको मायाले काठमाडौं बस्न नदिएको भन्दै उहाँले भन्नुभयो, "न त निजी काममा रमाए नै, सारा समय नै भरतपुरको उन्नती, प्रगति, समृद्धि र विकासका लागि खर्चिएकामा मलाई गर्वको अनुभूति हुने गरेको छ ।" यी पलहरू आफ्नो जीवनमा सधैँ स्वर्णिम रहने उहाँको विश्वास छ । उहाँले थप्नुभयो "बदलिएको भरतपुर, विकसित भरतपुर, समृद्ध, हरियाली र उज्यालो भरतपुर आज हामीले पाएका छौं ।"

आफू पहिलोपटक भरतपुरको चुनावी प्रचारमा जाँदा विद्यालय भवनहरू जीर्ण, स्वास्थ्य सेवा भरतपुरको कोर क्षेत्रमा सीमित, किसानहरू दूध बिक्री नभएर सडकमा पोख्नु पर्ने अवस्था, आर्सेनिक मिसिएको पानी खानुपर्ने विवशता, विद्यालय जाने उमेर समूहका कतिपय बाबुनानीहरू विद्यालय नजाने अवस्था देख्दा आफूलाई यी सबैको समाधान त्यति बेलादेखि नै सपना देख्ने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "जनताको घरदैलो गर्दैगर्दा यी यावत समस्याहरूले मेरो मथिङ्गल हल्लाउथ्यो । सोच्दा पनि कहाली लाग्दा थिए ।"

यी सबैलाई एकएक गर्दै समाधान गर्नुपर्ने चुनौती आफूमा रहेको भन्दै उहाँले भन्नुभयो, "भरतपुरमै जन्मिएको, यहीँको माटोमा मेरो नाँभी गाँडिएको एक छोरी हुनुको नाताले यहाँको विकासका लागि मैले केही पक्कै गर्नु थियो । चुनौतीहरूको सामना गर्ने अवसर पनि प्राप्त भयो ।"

दाहालले आफू प्रमुख हुने बेला कालोपत्रे सडकमा हिँड्न पूर्वपश्चिम राजमार्गमा नै आउनुपर्ने बाध्यता रहेको स्मरण गर्नुभयो । तर आज घरघरमा र खेतखेतसम्म पनि कालोपत्रे सडक बनिसकेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "भएका साँघुरा सडक फराकिला र कालोपत्रे बनेका छन्, बर्खामा डुब्ने सडकमा नाली बनाएका छौं ।" भरतपुरको केन्द्र भागबाट बढिमा ३० मिनेटमा हरेक गन्तव्यमा पुग्न सकिने गरी सडक निर्माण भएको छ ।

महानगरपालिकामा बितेका नौ वर्षमा एक हजार ७२ किलोमिटर नयाँ सडक कालोपत्रे भएको छ । उहाँले भन्नुभयो, "पूर्वपश्चिम राजमार्ग भन्दा लामो सडक हामीले भरतपुरमा कालोपत्रे गरेका छौं", उहाँले थप्नुभयो, "अनि हामीले सडक मात्रै कहाँ बनायौं र ? सडक बत्तीहरू राख्यौं, झिलिमिली बनायौं, अँध्यारो हटायौं । डर हटायौं । भरतपुरवासीको आत्मविश्वास जगायौं ।" सडक र सहर नै फोहर र कुरूप पार्ने बिजुलीका तारहरूलाई जमिनमुनी गाडेको भन्दै उहाँले मुख्य बजार र राजमार्ग क्षेत्रको २३ किलोमिटर सडकमा विद्युत् तारलाई भूमिगत बनाएको बताउनुभयो । स्मार्ट सडक बत्ती, हाई तथा मिनी मास्ट जडान गरेको, २०६ किमीमा सडक बत्ती, महानगरका विभिन्न सडक चोकमा ९१ वटा हाइमास्ट तथा मिनिमाष्ट जोडेर भरतपुरलाई उज्यालो सहर बनेको छ ।

भरतपुर महानगरपालिकालाई डिजिटल प्रणालीमा प्रविष्ट गर्न डिजिटल हाउसहोल्ड नम्बरिङ्गको काम शुरु भएको छ भने अत्याधुनिक प्रविधि जडित ४१८ वटा सिसिटिभी क्यामेरा महानगरका मुख्य तथा संवेदनशील क्षेत्रमा जोड्ने काम भइरहेको छ । यसले अपराध नियन्त्रण र सवारी दुर्घटना रोक्न महत्त्वपूर्ण भूमिका खेल्ने छ । सडक पूर्वाधारमा अर्को ऐतिहासिक काम नेपालकै सबैभन्दा लामो ८८ दशमलज छ किमी चक्रपथ (रिङरोड) निर्माण सङ्घीय सरकारको सहयोगमा गरिएको छ ।

महानगरपालिकाको पहलमा सङ्घीय सरकारबाट अर्बौको लागतमा नारायणी नदीमा तटबन्ध गरेर समस्याको दीर्घकालिन समाधान गरिएको छ । तटबन्ध गरिएको ठाउँहरू भोलिका दिनमा पर्यटकीय केन्द्र बन्न सक्ने आधार तयार भएको छ । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रसँग जोडिएका महानगरका विभिन्न वडाहरूमा जङ्गली जनावरको डर उत्तिकै थियो । घर बाहिर निस्कँदा ती जनावरको आक्रमणबाट ज्यान जाने खतरा त थियो नै, लगाएको खेतीबाली पनि खाइदिने समस्या पनि उस्तै थियो । छब्बीस किलोमिटर लामो मेसजाली निर्माण गरेर जनतालाई सुरक्षित राख्ने काम गरिएको उहाँले बताउनुभयो ।

भरतपुरका नहर नपुगेको ठाउँमा १२ महिना नै सिँचाइ पुग्ने गरी भूमिगत सिँचाइको व्यवस्था गरिएको छ । नारायणी लिफ्ट हिउँदमा समेत चल्ने भएपछि यहाँका किसानहरू त खुसी भएकै छन्, सबैतिर हरियाली पनि छाएको छ । बोरिङ तथा स्यालो ट्यूबवेलबाट भरतपुरमा झण्डै आठ हजार विगाहा जमिनमा सिँचाइ सुविधा पुगेको छ । भूमिगत पानी निकाल्नका लागि १२० वटा स्यालो बोरिङ तथा ८०० वटा ट्यूबवेल निर्माण गरिएको छ । महानगरपालिकाले ५० प्रतिशत अनुदानमा रु दुई करोड बराबरका किसानलाई कृषि उपकरण वितरण गरेको छ । महानगरका दूध उत्पादक किसानले प्रतिलिटर दूधमा रु चार अनुदान पाएका छन् । झण्डै रु २२ करोड दूधमा अनुदान बाँडेको महानगर किसानहरूको विश्वासिलो अभिभावक बनेको छ । दूधमा नगद अनुदानको नीतिले प्रतिवर्ष औषत पाँच लाख लिटरको दरले दूध उत्पादन बढेको उहाँको दाबी छ ।

युवालाई सिप सिकाएर देशभित्र नै स्वरोजगार र स्वावलम्बी बनाउने प्रयासअन्तर्गत महानगरले शैलुन, केयर गिभर, ब्युटिसियन, कुक, वेटर, हाउस किपिङ, फेसन डिजाइनर, प्लम्बिङ, इलेक्ट्रिसियन तालिमहरू महानगरले चलाएको छ । यहाँको पर्यटन क्षेत्रलाई राष्ट्रिय अन्तरराष्ट्रिय रूपमा चिनाउन तथा आर्थिक गतिविधिलाई उकास्न सन् २०२४ मा भरतपुर भ्रमण वर्ष मनाएर पर्यटकीय क्षेत्रलाई चलायमान बनाउन सहयोग गरेको छ । भरतपुर विमानस्थलमा नयाँ टर्मिनल भवन बन्दैछ । भवनले मात्रै भरतपुरको हवाई उडान समस्या समाधान नहुने भएपछि महानगरपालिकाको पहलमा विमानस्थलको रनबे विस्तार गर्ने कामको सहजीकरण गरिएको छ ।

राष्ट्रिय गौरवको परियोजनाका रूपमा भरतपुर-१५ मा निर्माणाधीन गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालाको निर्माण कार्य तीव्र रूपमा अघि बढेको छ । नारायणी नदीमाथि आर्कषक सिग्नेचर पुल निर्माणको कामलाई अगाडि बढाउन महानगरपालिकाले गरेको प्रयत्न निकै लामो छ । यो आर्कषक र अत्याधुनिक पुल नारायणगढको पुल्चोक-टिकौलीसम्म बनेको आर्कषक छ लेनको सडकमा जोडिँदा भरतपुरको सान र स्वरूप फेरिएको छ । छ लेनको सडक भरतपुरको विकासको एक मानकका रूपमा स्थापित बनेको छ । हरियाली र फूलहरूसहित आर्कषक बनेको यो सडक रातको समयमा झिलिमिली देखिन्छ । भरतपुर वाइपास सडकले पनि भरतपुरको गौरव बढाएको छ । यी दुवै सडकको सौन्दर्यकरण तथा वृक्षरोपणको काम महानगरपालिकाले गरिरहेको छ ।

भरतपुर महानगरपालिकाले बितेको नौ वर्षमा आफूलाई सुशासन र आर्थिक पारदर्शीता कायम राख्ने काम गरेको छ । न्यून बेरुजु र शून्य बेरुजु बनाउने तथा कार्यसम्पादनमा देशभरीका महानगरपालिकाका मध्ये भरतपुर उत्कृष्ट बन्न सफल भयो । राष्ट्रिय तथा अन्तरराष्ट्रिय पुरस्कार तथा सम्मान भरतपुरले प्राप्त गर्न सफल भएको छ ।

महानगरको आन्तरिक आम्दानीलाई क्रमशः बढाउँदै लग्यौं र अहिले महानगरको आन्तरिक आम्दानी करिब रु एक अर्ब ४० करोड पुगेको छ । सार्वजनिक विद्यालयको गुणस्तर उकास्दै यो अवधिमा झण्डै १०० सानाठूला विद्यालय भवन बनेका छन् । कतिपय विद्यालयलाई बसहरू प्रदान गरिएको छ । सामुदायिक विद्यालयमा आठ हजार विद्यार्थी थप भएका छन् ।

भरतपुर अस्पतालमा ज्येष्ठ नागरिक र महिलाहरूलाई बहिरङ्ग टिकट निःशुल्क गर्ने जस्ता कामहरू मात्रै गरिएका छैनन्, महानगरका २९ वटै वडामा स्वास्थ्य संस्था स्थापना भई एक वडा, एक स्वास्थ्य संस्थाको लक्ष्य प्राप्ति भइसकेको छ । भरतपुरका सरकारी स्वास्थ्य संस्थामा जन्मिएका छोरीहरूको बाल उमङ्ग जीवन बिमा कार्यक्रम चलिरहेको छ । प्रसूति गराउने महिलाहरूका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था महानगरले गरेको छ ।

फोहरले भरिएका र अतिक्रमणको चपेटामा परेका पुङ्गी खोला र केरूङ्गा खोला सौन्दर्यकरणले चिटिक्क परेका छन् । भरतपुरको मध्यभाग भएर बग्ने ६.६५ किमी लामो पुङ्गी र ३६ किमीको केरुङ्गा खोलाको सौन्दर्यकरणको काम भइरहेको छ । भरतपुरका विभिन्न ठाउँमा ठूलाठूला खानेपानीका ओभरहेड ट्याङ्कीहरू निर्माण गरिएका छन् । शुद्ध पिउने पानीको पहुँच भरतपुरका ९८ प्रतिशत जनताको बीचमा पुगेको छ । ठूला सभा सम्मेलन गर्नका लागि सभागृह बनिरहेको छ ।

वातावरण प्रदूषण कम गराउन देवघाटमा विद्युतीय शवदाह गृह निर्माण गरिएको छ । भरतपुर महानगरपालिका-१ स्थित नारायणी नदी पुलबाट उत्तरतर्फ नदी किनारलाई सी-बीच मोडलको रूपमा विकास गर्न महानगरपालिकाले ६४० मिटर लामो तटबन्ध तयार गरी एक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिएको छ । महानगरका २९ वडामध्ये १७ वटा वडाका नयाँ भवन बनेका छन् । थप केही बन्ने क्रममा छन् ।रासस

# किसान मल्चिङ विधिबाट कफीखेती गर्दै



धुलिखेल । आम्दानीको मुख्य स्रोतकफीखेतीलाईबनाउँदैआएका काभ्रेपलाञ्चोकका महाभारत गाउँपालिकाका किसानले पछिल्लो समय नयाँ प्रविधि अवलम्बन गरेका छन् ।

गुणस्तरीय कफी उत्पादनका लागि पालिकाले किसानलाई खेतीमा मल्चिङ विधि, थोपा सिँचाइ र छहारीको व्यवस्थापनमा सघाएपछि किसान त्यसतर्फ आकर्षित भएका हुन् ।

गाउँपालिकाको सहयोगमा वडा नं ५ को चौडिक र खोलाघारीमा पहिलोपटक मल्चिङ विधिबाट परीक्षणका रुपमा खेती भइरहेको छ । वडा नं ५ का वडाअध्यक्ष विजय राना मगरले पाँच रोपनीमा ६०० भन्दा बढी बिरुवा रोपेर व्यावसायिक रुपमा मल्चिङ विधिबाट कफीखेती सुरु गर्नुभएको छ ।

मल्चिङ विधिबाट खेती गर्दा मल नबगाउने, झार नउम्रिने र ओसिलोपन व्यवस्थापन हुने भएकाले यो प्रविधि उपयोगी भएको उहाँले बताउनुभयो । त्यससँगै थोपा सिँचाइ प्रविधि पनि प्रयोग गरिएको छ । यसरी खेती गर्दा चाँडो फल लाग्ने र त्यो गुणस्तरीय हुने उहाँले बताउनुभयो ।

महाभारत गाउँपालिका-२ सोक्तेलका कफी उत्पादक किसानहरुले पनि छहारी व्यवस्थापनलाई प्राथमिकता दिएका छन् ।

छहारी व्यवस्थापनबाट बिरुवा निरोगी हुने र चेरी पनि गुणस्तरको हुने भएकाले किसान त्यसतर्फ आकर्षित भएका हुन् ।गाउँपालिकाले कफी उत्पादन र प्रवर्द्धनका लागि बागमती प्रदेश सरकारको सहयोग र समन्वयमा समुदायमा आधारतिर 'एक वडा, एक उत्पादन' कार्यक्रम लागू गरेको गाउँपालिकाका कृषि प्राविधिक खिमबहादुर डाँगीले बताउनुभयो ।

गाउँपालिकाको तीन हजार २०० रोपनीमा कफीको व्यावसायिक कफीखेती विस्तार भइरहेको छ । विसं २०७८ सालदेखि यहाँका कफी किसान, कृषि सहकारी र समूहलाई गरेर तीन लाख ३१ हजार भन्दा बढी विरुवा वितरण गरिसकेको महाभारत गाउँपालिकाले जनाएको छ । पालिकाबाट बोट वितरणका लागि ७८ हजार बोट उत्पादन भएका छन् ।

गाउँपालिकाले किसानलाई 'जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु बीसको नोट' कार्यक्रमसहित प्रतिबोट रु २० का दरले अनुदान दिने व्यवस्था गर्दै आएको छ ।

सबैजसो किसान कफी खेतीतर्फ आकर्षित हुन थालेपछि पालिकाले अनुदानमा कफीको बोट वितरण र आवश्यक उपकरण वितरण गर्नाका साथै अनुदानमा प्रशोधन उपकरण वितरणलाई पनि जोड दिँदै आएको छ ।रासस

# खडेरीले हिउँदे बालीमा हानि

दशरथचन्द । लामो समयको खडेरीले बैतडीमा हिउँदेबाली सुक्न थालेको छ । यहाँ पानी नपरेको महिनौँ भइसक्यो । बैतडीसहित सुदूरपश्चिमका पहाडी जिल्लामा पानी नपरेपछि किसान चिन्तित भएका छन् ।


पानी नपर्दा गहुँ, जौ, मसुरो, तोरी, केराउलगायत बाली सुक्न थालेका छन् । खडेरीले हिउँदेबाली सुकेका सिगास गाउँपालिका-९ का किसान जनक बोहराले बताउनुभयो । "असोजयता पानी परेको छैन । लामो खडेरीका कारण हिउँदेबाली सुकेको छ", उहाँले भन्नुभयो ।



सिँचाइ सुविधा नहुँदा धेरैजसोले आकाशे पानीको भरमा खेती गर्दै आएका छन् । सिँचाइ सुविधायुक्त स्थानमा पनि बाली मर्न थालेको छ । खोलामा पनि पानी सुकेकाले कुलो हिउँदे बालीमा हानि भएको मेलौली नगरपालिका-६ का किसान चिन्तामणि भट्टले बताउनुभयो । हिउँदे वर्षा नहुँदा बालीनाली हुर्कन नपाउँदै सुक्न थालेको सुर्नया गाउँपालिका-६ का किसान पदम भट्टले बताउनुभयो । बाली लगाउने बेलामा पनि पानी नपर्दा बीउ उम्रिन नपाएको उहाँले बताउनुभयो ।

बैतडीमा २५ हजार ७०० हेक्टरमा खेती हुने गरेको छ । जिल्लाको १० हजार ९०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध छ । जिल्लाको १५ हजार ४०० हेक्टरमा गहुँ, ७०० हेक्टरमा जौ, ३०० हेक्टरमा मसुरो, ३४ हेक्टरमा तोरी र पाँच हेक्टरमा केराउखेती हुने गरेको कृषि ज्ञानका प्रमुख हरिदत्त जोशीले बताउनुभयो ।रासस

# मेलाको आकर्षण कृतिम ड्याममा 'डुङ्गा'



तानसेन । पाल्पा, गुल्मी र स्याङ्जाको सङ्गमस्थल रुरु धाम क्षेत्रमा माघे सङ्क्रान्ति मेला भर्ने दर्शनार्थीको घुइँचो लागेको छ । पाँच दिनसम्म लाग्ने मेलाको विहीबार र शुक्रबार कालीगण्डकी नदीमा स्नान गरी यस क्षेत्रमा रहेको प्रमुख ऋषिकेशव मन्दिरमा पूजाआजा गर्ने दर्शनार्थीको घुइँचो लागेको हो ।

यहाँ आउने दर्शनार्थी स्नानसँगै मेलामा रमाउने गरेका छन् । मेलाको आकर्षणको रूपमा कृतिम ड्याममा सञ्चालन गरिएको डुङ्गा रहेको छ । पर्यटक आकर्षित गर्न यस वर्ष यहाँका युवाले रिडी खोलालाई थुनेर ताल निर्माण गरी डुङ्गा सञ्चालनमा ल्याएका छन् । जुन मेला भर्न आउनेको आकर्षणको केन्द्र बनेको छ । यहाँ आउने जो कोही डुङ्गा सयर गरे मात्र फर्कने गरेको रुरु सञ्चार प्रालिका अध्यक्ष चुरामणी तिमिल्सेनाले बताउनुभयो ।

बिहीबार पहिलो दिन नै ६९३ जनाले डुङ्गा सयर गरेका थिए । डुङ्गा चढ्नेबाट पहिलो प्रतिव्यक्ति रु ३०० लिइए पनि दोस्रो दिन शुल्क घटाएर रु २०० पुऱ्याइएको छ । भीड बढ्दै गएपछि एक फन्को मात्रै लगाउने भएकोले शुल्क पनि घटाएर प्रतिव्यक्ति रु २०० मात्रै तोकिएको तिमिल्सेनाले बताउनुभयो । अहिले पनि तालमा डुङ्गा चढ्नेको भीड छ । पेट्रोलबाट चल्ने उक्त बोटमा ११ जना पर्यटकको क्षमता रहेको छ । स्थानीय आठ जना युवा मिलेर आफ्नै लगानीमा माघी मेलालाई केन्द्रमा राखेर डुङ्गा चलाउन ताल बनाएका हुन् ।

मेलाकै अवसरमा पाल्पा, गुल्मी र स्याङ्जा क्षेत्रमा व्यापारिक स्टलसमेत राखिएका छन् । गुल्मी र पाल्पातर्फ गरी २०० भन्दाबढी स्टल छन् । रुरु क्षेत्रमा होटल, घरेलु सामग्री, सुपो, डालो, राडी, पाखी, फेन्सी सामग्री प्रर्दशनीकक्षमा छन् । मेलामा गुल्मीको थोर्गालगायतका किसानले उखुबाट बनाइएको गुँड, खुदो, चाकु र स्थानीय उत्पादनका प्रर्दशनीकक्ष राखेका छन् । सङ्क्रान्तिका अवसरमा व्यापार गर्न पाल्पा, बागलुङ, रूकुम, रोल्पा, हुम्ला, जुम्ला, मुस्ताङलगायतकबा स्थानबाट घरेलु सामग्री बिक्रीका लागि रिडीमा आएका छन् ।रासस

# एक महिनामा १४७ आपराधिक घटना

टुडे समाचारदाता

जनकपुरधाम । गएको पुष महिनामा धनुषा जिल्लामा १४७ वटा आपराधिक घटना भएको छ ।




जिल्ला प्रहरी कार्यालय धनुषाले अपराध अनुसन्धान, शान्ति सुरक्षा, सवारी दुर्घटना नियन्त्रण तथा समुदाय केन्द्रित गतिविधिमा व्यापक कार्य सम्पादन गरेको जनाएको छ ।

जिप्रकाले सार्वजनिक गरेको प्रगति विवरण अनुसार पुष महिनामा जिल्लाभर १४७ वटा आपराधिक मुद्दा दर्ता भएका छन् भने ९१ वटा सवारी दुर्घटनामा ७ जनाको ज्यान गएको छ ।

पुस महिनामा दर्ता भएका १४७ मुद्दामध्ये ५० वटा फछ्यौट भएको छ भने ९७ मुद्दा अझै बाँकी छन् । जघन्य अपराध ५, गम्भीर अपराध २९, आर्थिक अपराध ४१, सामान्य प्रकृतिका अपराध ३५ तथा चोरी-डाँका सम्बन्धी ८ वटा मुद्दा दर्ता भएका छन् ।

यी मुद्दासँग सम्बन्धित ८२ जना प्रतिवादी पक्राउ परेका छन् भने ११८ जना अझै फरार रहेका छन् । फैसला कार्यान्वयनतर्फ ५० जनालाई पक्राउ गरी कुल २६ वर्ष १०१ महिना ३१४ दिन कैद ठेकिएको छ । यस क्रममा बिगो, क्षतिपूर्ति र जरिवाना बापत १३ लाख ३९ हजार ८९४ रुपैयाँ असुल उपर गरिएको प्रहरीले जनाएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित ४२ वटा उजुरी दर्ता भएका छन् भने ३ वटा उजुरी ज्येष्ठ नागरिकसँग सम्बन्धित रहेका छन् । पीडित तथा पीडकको उमेर समूह मुख्यतः २० देखि ६० वर्षसम्म रहेको प्रहरीको भनाई छ ।

यस अवधिमा २७ जना महिला र २९ जना बालबालिका हराएको उजुरी परेकोमा ५ जना महिला, १ बालक र ५ बालिका फेला परेका छन् । घरेलु हिंसासम्बन्धी ४५ वटा उजुरी दर्ता भएका छन् । त्यसमध्ये २३ वटा मिलापत्र वा अदालत पठाइएको छ । प्रहरीका अनुसार घरेलु हिंसाका घटना अझै चुनौतीकै रूपमा रहेका छन् ।

लागूऔषध कारोबारसम्बन्धी ३ वटा मुद्दा दर्ता भई ३ जना पुरुष पक्राउ परेका छन् भने तिनीहरूबाट १ ग्राम १ मिलिग्राम खैरो हिरोइन, नाइट्रोजेपाम १७ पिस र स्पास्मो-प्रोक्सिभन ५ पिस बरामद गरिएको छ ।

गएको महिनामा आत्महत्याका २२ वटा घटना दर्ता भएका छन् । तीमध्ये अधिकांश झुन्डिएर भएका छन् भने केही विषादी सेवनसम्बन्धी छन् । उमेर समूह हेर्दा १० देखि ३० वर्षसम्मका व्यक्तिहरू बढी प्रभावित देखिएका छन् ।

जिल्लामा ९१ वटा सवारी दुर्घटना भएका छन् भने सो दुर्घटनामा ७ जनाको मृत्यु भएको छ भने १५४ जना घाइते भएका छन् । दुर्घटनाका मुख्य कारण तीव्र गति, चालकको लापरवाही र यात्रुको असावधानी रहेको प्रहरीले जनाएको छ । ट्राफिक चेकिङका क्रममा ७४१ वटा सवारी कारबाही गरी ७ लाख ५९ हजार ५ सय रुपैयाँ राजस्व संकलन गरिएको छ ।

भन्सार छली नियन्त्रणका क्रममा २ वटा सवारी साधन बरामद गरी ८ लाख १६ हजार ८२० रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिइएको छ भने विपद् व्यवस्थापनतर्फ १५ वटा आगलागीका घटना भएका छन् । त्यसमा ९ जना महिला घाइते भएका छन् । विपद् उद्धारमा २ हजार ११० जना प्रहरी परिचालित भएका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक गणेश बहादुर बमले अपराध नियन्त्रण, शान्ति सुरक्षा र जनताको विश्वास अभिवृद्धि प्रहरीको प्रमुख प्राथमिकता रहेको बताएका छ । उनले फरार अभियुक्त पक्राउ, घरेलु हिंसा र आत्महत्या न्यूनिकरणमा समुदायको सहकार्य आवश्यक रहेको कुरामा जोड दिएका छन् ।

# प्रदेश नामकरण दिवस मनाइयो

**मधेश प्रदेशका सभामुख रामआशिष यादवले मधेश प्रदेशको नामकरण तथा प्रादेशिक राजधानीका रूपमा जनकपुरधाम कायम भएको दिनको अवसरमा सम्पूर्ण प्रदेशवासीलाई बधाई तथा शुभकामना व्यक्त गरेका छन् ।**

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश नामकरण भएको पाँचौं वर्षमा पहिलोपटक औपचारिक रूपमा नामकरण दिवस मनाएको छ । प्रदेश सभामुख रामआशिष यादवको अध्यक्षता तथा पूर्व सभामुख सरोज यादवको प्रमुख आतिथ्यमा प्रदेश सभा परिसरमा वृक्षारोपण कार्यक्रम गरी नामकरण दिवस मनाइएको हो ।



प्रदेश सरकारका मन्त्रीहरू तथा प्रदेश सांसदहरूको उपस्थिति भएको सो कार्यक्रममा एक दर्जनभन्दा बढी आँपका बिरुवा रोपिएको छ । वातावरण संरक्षणसँगै प्रदेश नामकरणको ऐतिहासिक निर्णयलाई स्मरण गर्ने उद्देश्यले वृक्षारोपण गरिएको जनाइएको सभामुख यादवले बताए ।

मधेश प्रदेशका सभामुख रामआशिष यादवले मधेश प्रदेशको नामकरण तथा प्रादेशिक राजधानीका रूपमा जनकपुरधाम कायम भएको दिनको अवसरमा सम्पूर्ण प्रदेशवासीलाई बधाई तथा शुभकामना व्यक्त गरेका छन् ।

सभामुख यादवले नागरिक हक, अधिकार, पहिचान, सामाजिक न्याय तथा समावेशी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका विभिन्न जनआन्दोलन, मधेश आन्दोलन, जनविद्रोह र जनयुद्धमा आफ्नो जीवन बलिदान गर्ने शहीदहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शुभकामना व्यक्त गरेका छन् ।

शहीदहरूको त्याग, संघर्ष र बलिदानकै कारण मधेश प्रदेशको पहिचान संस्थागत हुन सकेको उल्लेख गर्दै शहीदहरूले देखाएको सामाजिक न्याय, समानता, स्वाभिमान र समावेशिताका आधारित मार्गलाई आत्मसात गर्नु आजको साझा दायित्व भएको उनले बताए ।

मधेशको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतालाई आत्मसात गर्दै आपसी सद्भाव, सहकार्य र एकतामार्फत दिगो विकास र समृद्धिका लागि सबै प्रदेशवासी एकजुट भएर अघि बढ्नुपर्नेमा जोड पनि दिएका छन् ।

मधेश प्रदेशको नामकरण २०७८ साल माघ ३ गते प्रदेश सभाबाट औपचारिक रूपमा घोषणा गरिएको थियो । सो कार्यक्रममा अर्थमन्त्री महेश यादव, श्रम तथा यातायात मन्त्री मनिष सुमन, प्रदेश सांसद कुमारकान्त झा, ममता देवी मण्डल लगायत विभिन्न दलका प्रदेश सांसदहरूको सहभागिता रहेको थियो ।

तत्कालीन सरकारको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टी (जसपा)सँग सत्तारुढ माओवादी केन्द्र र विपक्षी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले संयुक्त रूपमा प्रदेशको नाम मधेश प्रस्ताव गरेका थिए । जसपाको ३९, माओवादीका ८ र लोसपाको १६ गरी ६३ जना सांसद थिए । १ सांसद रहेको नेपाल संघीय समाजवादी पार्टीले पनि यसमा समर्थन जनाएको थियो । अरु दलका १६ सांसदले पनि प्रदेशको नाम मधेश राख्ने प्रस्तावको पक्षमा मतदान गरेका छन् ।

कांग्रेसले 'मिथिला भोजपुरा', नेकपा एकीकृत समाजवादी र नेकपा एमालेले 'जानकी' तथा कांग्रेसकै सांसद राजेश्वर साहले 'मध्य मधेश' नाम प्रस्ताव गरेका थिए । जसमा मधेश प्रदेश नाम प्रस्ताव बहुमतले पारित भएको थियो ।

प्रदेशको नामकरणसँगै प्रदेश सभाबाट स्थायी राजधानी जनकपुरधाममा टुंगो लगाएको थियो । राजधानीका लागि पहिलो बैठकमा भएको मतदानमा ७८ जनाले जनकपुरधामको पक्षमा मत दिएका थिए । स्थायी राजधानीका लागि शुरुमा ७ वटा प्रस्ताव गरेको थियो । पछि त्यसलाई परिमार्जन गरी तीन वटा बनाएको थियो, जसमध्ये जनकपुरधाममा दुई तिहाइ बहुमत मत प्रकट भएको हो ।

# समिति गठन



टुडे समाचारदाता

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका संरक्षक महन्थ ठाकुरलाई राष्ट्रिय सभामा जिताउन पार्टीले एक समिति गठन गरेका छन् ।

कांग्रेस–एमाले–जसपा नेपाल गठबन्धनबाट माघ ११ गते हुने निर्वाचनका लागि ठाकुरले मधेस प्रदेशबाट अन्य समूहबाट उम्मेदवारी दिएका छन् । उनलाई जिताउनका लागि गठबन्धन दलहरूको बिचमा समन्वय गर्न सो समिति गठन गरेको जसपा नेपालले जनाएको छ ।

तीन सदस्यीय समितिमा परमेश्वर साह, मोहम्मद खालिद सिद्दिकी र लालकिशोर साह रहेको सो जसपा नेपालले जनाएको छ ।

# इभी गाडीमा आगलागी

टुडे समाचारदाता

बारा । बाराको पथलैया निजगढ सडक खण्डमा गुडिरहेको विद्युतीय गाडी (इभी) मा अचानक आगलागी भएको छ ।

पोखराबाट काँकडभिट्टा तर्फ जाँदै गरेको गाडीमा शनिबार एक्कासी आगलागी भएको हो। जितपुर सिमरा उपमहानगरपालिका-१६ काठघाटमा प्रदेश १-०१-००१ ख ४७२० नम्बरको गाडी गुडिरहेको अवस्थामा जंगल क्षेत्रमा अचानक आगलागी भएको हो।

आगलागीबाट गाडी जलेर पूर्ण ध्वस्त भए पनि त्यसमा सवार १४ जना यात्रु भने सुरक्षित रहेको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले बताए ।

# गगन समूहले खुशियालीमा लड्डु बाँडे

टुडे समाचारदाता

जनकपुरधाम। नेपाली कांग्रेस गगन थापा समूहले पार्टीमाथि आफ्नो आधिकारिकता भएको खुशियालीमा लड्डु वितरण गरेका छन् ।

गगन थापा पार्टी सभापति चयन भएकोमा जनकपुरधामस्थित पार्टी कार्यालयमा सो समूहसँग आबद्ध नेता, कार्यकर्ताहरूले खुशियाली मनाउँदै लड्डु बाँडेका हुन् ।



सो अवसरमा नेपाली कांग्रेस जनकपुरधामका नगर सभापति एवं जनकपुरधामका मेयर मनोज कुमार साहले निर्वाचन आयोगले विधि सम्मत गरेको निर्णय स्वागत योग्य रहेको धारणा राख्दै पार्टी विभाजन नभई नेतृत्व परिवर्तन मात्र भएको बताए ।

उनले भने नेपाली कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधि अब धनुषा क्षेत्र नं. ३ बाट चुनाव लड्ने हो भने गगन थापाजीसँग टिकट लिएर आएमा आफूहरु सहयोग गर्ने नभए सहयोग नगर्ने भने । उनले विशेष महाधिवेशन विभाजनका लागि नभई नेतृत्व परिवर्तनका लागि मात्र गरिएको बताए ।

गगन थापाको नेतृत्वले नीति र नियत सभा राखेर युवा पुस्तालाई अगाडि सार्ने हिसाबले काम गरेको नगर सभापति साहको भनाई छ । उनले पार्टीका शिर्ष नेताहरुलाई अभिभावकको रुपमा राखेर संरक्षक सरह सम्मान दिने बताए । उनले कुनै पनि पदमा एकलौटी बसिरहनु उचित नरहेको भन्दै कांग्रेस संगठित भएर थप मजबुत हुनुपर्नेमा जोड दिए ।

त्यस्तै, नेपाली कांग्रेस धनुषाका उपसभापति गणेश झाले चुनाव चिन्ह र झण्डाको विषयमा झगडा र विरोध नगर्न आग्रह गरे । उनले नेपाली कांग्रेसका केही नेता कार्यकर्ताहरूमा तत्काल असन्तुष्टि भएपनि नियम सम्मत गरिएको निर्णयहरुलाई सबैले मान्नुपर्ने धारणा राखे । उनले एक वर्ष भित्र फेरि अधिवेशन हुने र त्यसबाट अझ प्रभावकारी ढंगको नेतृत्व चयन भई पार्टी मजबूत भएर आउनेछ ।

उनले देशमा अन्य पार्टीहरु प्रतिस्पर्धामा उत्रेको बेला नेपाली कांग्रेसले आफै भित्र मनमुटाव राख्न नहुने धारणा राख्दै सबैलाई निर्वाचन आयोगको निर्णय मानेर अब हुने प्रतिनिधिसभाको चुनावमा केन्द्रित हुन आग्रह गरे ।

# बारा ४ बाट यादव उम्मेदवार

टुडे समाचारदाता

जनकपुरधाम । बारा-४ बाट विनय यादव उम्मेदवार बन्ने घोषणासहित राष्ट्रिय एकता दलको क्षेत्रीय सम्मेलन सम्पन्न भएको छ ।

हिन्दू राष्ट्रको पुनःस्थापना, राष्ट्रिय स्वाभिमान र सुदृढ राष्ट्रिय एकताको मूल एजेन्डासहित दलका बारा जिल्ला अध्यक्ष अकलेश कुशवाहाको अध्यक्षतामा राष्ट्रिय एकता दल बारा-४ को क्षेत्रीय सम्मेलन सम्पन्न भएको हो ।




सम्मेलनका प्रमुख अतिथि तथा बारा-४ बाट प्रतिनिधिसभा निर्वाचनका उम्मेदवार राष्ट्रिय एकता दलका केन्द्रीय अध्यक्ष विनय यादवले देश आज निर्णायक मोडमा पुगेको बताउँदै हिन्दू राष्ट्रको एजेन्डा केवल धार्मिक नभई राष्ट्रिय अस्तित्वसँग जोडिएको विषय भएको स्पष्ट पारे ।

उनले बारा-४ लाई राष्ट्रवादी राजनीतिको केन्द्र बनाउने प्रतिबद्धता व्यक्त गर्दै जनताको विश्वास नै आफ्नो मुख्य शक्ति भएको बताए। कार्यक्रममा केन्द्रीय सदस्य एवं दलित विभाग प्रमुख जितेन्द्र दासले विनय यादवलाई संघर्षशील, सिद्धान्तनिष्ठ र सबै वर्ग-समुदायलाई समेट्न सक्ने नेता भएको उल्लेख गर्दै बारा-४ बाट उहाँको उम्मेदवारीले दलित, उत्पीडित र उपेक्षित समुदायलाई नयाँ आशा दिएको बताए ।

प्रदेश सचिव दिलीप गुप्ताले बारा-४ बाट केन्द्रीय अध्यक्ष स्वयं उम्मेदवार बन्नु ऐतिहासिक निर्णय भएको बताउँदै यसले राष्ट्रिय एकता दलको राजनीतिक गम्भीरता र क्षेत्रप्रति प्रतिबद्धता प्रस्ट भएको धारणा राखे ।

राष्ट्रिय समता पार्टीका महासचिव डा. अभिषेक तिवारीले विनय यादवको उम्मेदवारीलाई राष्ट्रवादी र वैचारिक राजनीतिका लागि सकारात्मक संकेत भन्दै हिन्दू राष्ट्र र राष्ट्रिय एकताको सवालमा उहाँसँग सहकार्य गर्दै अगाडि बढ्न तयार रहेको मन्तव्य व्यक्त गरे ।

त्यसैगरी हिन्दू परिषदका बिकी श्राफ, बाबा मदन मोहन दास, बजरंगी बाबा र महन्त शिवनाथ दासले बारा-४ बाट विनय यादव उम्मेदवार बन्नु केवल एक व्यक्ति चयन नभई हिन्दू सभ्यता र राष्ट्रिय अस्मिताको प्रतिनिधित्व भएको भन्दै पूर्ण समर्थन जनाएका थिए ।

हिन्दू अभियन्ता ब्रिज किशोर ठाकुरले विनय यादवजस्ता स्पष्ट विचार र साहसिक नेतृत्व भएको व्यक्तित्व संसदमा पुग्न आवश्यक रहेको बताउनुभयो। नेपाल पत्रकार महासंघका अनिल गौरवले विनय यादवको उम्मेदवारीले राष्ट्रिय बहसलाई नयाँ दिशा दिने विश्वास व्यक्त गरे ।

सम्मेलनबाट आगामी प्रतिनिधिसभा निर्वाचनमा बारा-४ बाट केन्द्रीय अध्यक्ष विनय यादवलाई उम्मेदवार बनाउने औपचारिक समर्थन प्रस्ताव सर्वसम्मत रूपमा पारित गरिएको छ ।

# प्रचार प्रसार समिति गठन

टुडे समाचारदाता

जनकपुरधाम । मैथिली विकास कोष जनकपुरधामको आयोजनामा हुने जनकपुर साहित्यकला तथा अन्तर्राष्ट्रिय नाटक महोत्सव-२०८२ को तयारी सुरु गरिएको छ ।

आउँदो फागुन ५ गतेदेखि ८ गतेसम्म सञ्चालन हुने महोत्सवलाई सफल बनाउन प्रचार प्रसार समितिसँगै विभिन्न समितिहरु गठन गर्दै तयारी तिव्र रुपमा अघि बढाइएको छ । प्रचार प्रसारलाई प्रभावकारी बनाउन उद्देश्यले कोषको कार्यकारिणी बैठकबाट सुजित कुमार झाको संयोजकत्वमा प्रचार प्रसार समिति गठन गरिएको छ ।



समितिको सदस्यहरूमा सुभाष कर्ण, वीरेन्द्र रमण, संजय यादव, दीपक कर्ण, पुरन गुप्ता, संजय साह, संजय कुशवाहा, काशिन्द्र शर्मा, अजित मिश्र तथा अमरेश मल्लिक सदस्य रहेका छन् ।

मैथिली विकास कोषका अध्यक्ष जिवनाथ चौधरीका अनुसार जनकपुर साहित्यकला तथा अन्तर्राष्ट्रिय नाटक महोत्सवले मैथिली भाषा, साहित्य, कला र नाटकको प्रवर्द्धन गर्दै जनकपुरधामलाई अन्तर्राष्ट्रिय सांस्कृतिक मञ्चका रूपमा चिनाउने लक्ष्य लिएको छ ।

प्रचार प्रसार समिति गठनसँगै महोत्सवको सूचना देश विदेशसम्म पुऱ्याउने काम अझ प्रभावकारी हुने विश्वास लिइएको छ । आयोजकका अनुसार महोत्सवमा स्वदेशी तथा विदेशी कलाकार, नाटककर्मी र साहित्यकारहरूको सहभागिता रहनेछ । सो महोत्सव मार्फत जनकपुरधामको सांस्कृतिक पहिचान र मैथिली सभ्यतालाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने विश्वास गरिएको छ ।

# मदर टरेसा विजयी

टुडे समाचारदाता

जनकपुरधाम । पाँचौं अन्तर विद्यालय टी-२० क्रिकेट प्रतियोगिता जनकपुरधामस्थित मदर टरेसा पब्लिक स्कुल जित्न सफल भएको छ ।

जनकपुरधामको बाह्रबिघा मैदानमा शनिबार भएको फाइनल खेलमा सिद्धार्थ शिशु सदनलाई १६ रनले पराजित गर्दै मदर टरेसाले उपाधि जितेको हो । सो जितसँगै मदर टरेसा दोस्रो पटक अन्तरविद्यालय टी-२० प्रतियोगिताको उपाधि हात पार्न सफल भएका हुन् ।




फाइनल खेलमा मदर टरेसा टस जितेर पहिला ब्याटिङ रोजेको थियो । निर्धारित २० ओभरमा सबै विकेट गुमाएर ८८ रनको लक्ष्य सिद्धार्थ समक्ष प्रस्तुत गरेका थिए । ८८ रनको लक्ष्य पाएका सिद्धार्थ शिशु सदन जवाफी ब्याटिङ गर्दै ७१ रनमै अलआउट भएको थियो । मदर टेरसाका लागि सुरज यादवले २५ बलम १६ रन र धर्मराज यादवले १६ बलम २६ रनको पारी खेलेका थिए ।

सिद्धार्थका लागि आयुष यादव १६ बलम ३० रन र सलमान नदाफ १० बलमा १५ रनको योगदान दिए । मदर टरेसा लागि बलिङ गरेका बलिङ गरेका रिसन झा चार ओभरमा सात रन खर्चेर दुई विकेट र आर्दश यादवले चार ओभरमा ११ रन खर्चेर दुई विकेट लिएका थिए भने सिद्धार्थका लागि बलिङ गरेका आयुष यादव चार ओभरमा ११ रन खर्चेर चार विकेट र राहुल यादवले चार ओभरमा २० रन खर्चेर एक विकेट लिएका थिए ।

सो खेलको म्यान अफ द म्याच मदर टेरसाका सुरज यादव भएका छन् भने प्रतियोगितामा बेष्ट बलर/फिल्डर र म्यान आफ द सिरिज सिद्धार्थका आयुष यादव भएका थिए । बेष्ट ब्याटर संकटमोचन स्कुलका निखिल मण्डल, एमर्जिङ प्लेयर न्यू आइडलका अभियान्सु सिंह, बेष्ट किपर मदर ट्रेसाका विकास विराज र फेयर प्ले अवार्ड न्यू आइडियल स्कुलले पाएका थिए ।

# बालिकाको मृत्यु

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको धनकौल गाउँपालिका-५ हरकठवामा ट्याक्टरको ठक्करबाट १० वर्षीया बालिकाको मृत्यु भएको छ ।

हरकठवाबाट सिसौटतर्फ जाँदै गरेको ना ४ त ७०३१ नम्बरको ट्र्याक्टरले शुक्रबार साँझ करिब ६:३० बजे पैदल हिँडिरहेकी स्थानीय उमेश महतोकी छोरी गौरी कुमारी महतोलाई ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले बताएका छन् ।

दुर्घटनामा गम्भीर घाइते भएकी बालिकाको टाउको र कम्मरमा गहिरो चोट लागेको थियो । उनलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा पुऱ्याइएको भए पनि उपचारको क्रममा मृत्यु भएको उपचारमा संलग्न चिकित्सकले जानकारी दिएका छन् ।

दुर्घटनापछि प्रहरीले ट्र्याक्टरलाई नियन्त्रणमा लिएको छ भने चालक बैरिया टोल निवासी अन्दाजी ३३ वर्षीय रामविन सहनीलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय बरहथवामा राखिएको छ ।

घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय हरकठवाबाट सई पदमबहादुर खड्काको नेतृत्वमा पाँच जनाको प्रहरी टोली घटनास्थलमा खटिएको थियो । घटनास्थल प्रहरी कार्यालयबाट करिब दुई किलोमिटर दक्षिणमा रहेको जनाइएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान अघि बढाएको जनाएको छ ।

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।**

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडाजस्ता छिटो जल्ने सामग्री आगो वा हीटरनजिक नराखौं ।
- कोठमा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हीटरनजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०९, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८